# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल बहुजाति, बहुभाषी र बहुसांस्कृतिक हिमाली अधिराज्य हो । भौगोलिक विविधताले युक्त यस देशको जाति, भाषा र संस्कृति पनि विविधतामय पाइन्छ । नेपालमा चार भाषा परिवारका विभिन्न भाषाहरु बोलिन्छन् ।

नेपाली भाषा पहिले राष्ट्रभाषाको रुपमा रहेपनि हाल सबै भाषालाई नेपालको अन्तरिम संविधान २०६३ ले नेपालको राष्ट्र भाषा माने पछि पनि नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिएबाट नै पुष्टि हुन्छ । नेपालमा नेपाली भाषाको महत्व र आवश्यकता धेरै ठूलो छ । प्राथमिक तहसम्म मातृभाषाका माध्यमले शिक्षा लिन दिन पाइने भए तापनि निम्न माध्यमिक तहदेखि उच्च शिक्षासम्मनै नेपाली भाषालाई पठनपाठनको माध्यम भाषाको रुपमा स्वीकार गरिएको छ । नेपालमा नेपाली भाषाले सम्पूर्ण जातजाति, भाषाभाषीलाई विद्यालय तहदेखि स्नातक तहसम्म अनिवार्य विषयका रुपमा पठनपाठन हुने भएकोले महत्व बढाएको छ ।

नेपाली भाषाको प्रयोग साहित्यिक क्षेत्रदेखि लिएर ज्ञान-विज्ञान र प्राविधिक क्षेत्र एवम् विविध क्षेत्रमा समेत हुन थालिसकेको छ । फरक-फरक मातृभाषीहरुको सम्पर्कको भाषा, राष्ट्रिय एकताको माध्यम र बहुसङ्ख्यक नेपालीहरुको मातृभाषा हुनाले विद्यालय तहदेखि विश्वविद्यालयसम्म अनिवार्य विषयका रुपमा यसलाई समावेश गरिएको छ ।

भाषा शिक्षणका सन्दर्भमा पाठ्यक्रम र पाठ्यपुस्तकवीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । पाठ्यपुस्तक पाठ्यक्रमद्वारा निर्देशित हुन्छ, भने पाठ्यक्रमको प्रयोग पाठ्यपुस्तक एवम् पाठ्यसामग्रीका रुपबाट हुने गर्छ । पाठ्क्रमले अपेक्षा गरे

अनुसारको पाठ्यपुस्तक निर्माण हुन सकेन भने देश प्रगतितिर उन्मुख हुन सक्दैन । त्यसैले पाठ्यक्रम र पाठ्यपुस्तकबीच तालमेल हुन जरुरी छ । नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा विद्यालयका सबै कक्षामा विषयगत पाठ्यपुस्तक तयार गरी लागु गर्ने गरिएको छ । अहिले निजीस्तरबाट पनि विभिन्न पाठ्यसामग्रीहरु प्रकाशन गरी अध्ययन अध्यापन गरिदै आएको छ । यी दुवै पाठ्यपुस्तक वा पाठ्यसामग्री भने पाठ्यक्रम विकास केन्द्रले तयार गरेको पाठ्यक्रमका आधारमा निर्माण हुने गरेका छन् । त्यसैले एउटै मूलधारबाट बनेका यी दुई थरी पाठ्यसामग्रीमध्ये कुन चाहिँ बढी स्तरयुक्त, उद्देश्यअनुरुप र उपयुक्त छन्, भन्ने कुराको अनुसन्धान एवम् तुलना हुनु आवश्यक देखिन्छ । त्यस्तै हाम्रोजस्तो विकासोन्मुख मुलुकमा कक्षाकोठाका सम्पूर्ण कार्यकलापहरु पाठ्यपुस्तकमा नै केन्द्रित गरिने हुनाले पनि पाठ्यपुस्तकको उपयुक्तताको खोजी गर्नु आवश्यक देखिएको छ ।

## १.२ समस्याकथन

शिक्षण कार्यमा बाल मनोविज्ञान र निर्दिष्ट पाठ्यक्रमअनुसार तयार नभएका पाठ्यसामग्रीहरु र भाषा पाठ्यसामग्रीहरु प्रयोग गरिदा समय बर्बाद हुनेमात्र नभई बालकको उज्ज्वल भविष्य निर्माण कार्यमा समेत बाधा पर्छ । यसर्थ उपयुक्त सामग्रीहरु मात्र प्रयोगमा ल्याइनुपर्छ । अतः प्रस्तुत शोध अध्ययनका निम्नलिखित समस्याहरु रहेका छन्:

क) सामुदायिक विद्यालयमा शिक्षण गरिने कक्षा ४ को मूल पाठ्यपुस्तक ‘मेरो नेपाली’ र निजी विद्यालयमा शिक्षण गरिने कक्षा ४ को ‘मेरो नेपाली माला’४ पाठ्यक्रमअनुरुप निर्माण भएका छन् छैनन् ?

ख) यी दुवै पाठ्यपुस्तकको बनोट र बुनोटपक्षको के-कस्ता समानता र असमानता छन् ?

ग) दुवै पाठ्यपुस्तकको कक्षागत स्तरण मिलेको छ वा छैन ?

घ) यी दुवै पाठ्यपुस्तकमा प्रयोग भएको भाषिक, व्याकरणिक, वर्णविन्यासगत त्रुटिहरु के-कस्ता छन् ?

ङ) दुवै पाठ्यपुस्तकका बीचमा विधागत समानता अभ्यासहरु, चित्रहरु, शब्दभण्डारका व्यवस्थामा एकरुपता र स्तरअनुकूलता छ, छैन ?

## १.३ शोधका उद्देश्यहरु

प्रस्तुत शोध अध्ययनका निम्नलिखित उद्देश्यहरु रहेका छन्:

क) 'मेरो नेपाली' र 'मेरो नेपाली माला'-४, पाठ्यक्रम अनुरुपताको कोणले अध्ययन गर्नु,

ख) यी दुवै पाठ्यपुस्तकको बनोट र बुनोट पक्षको समानता र असमानता खोज्नु,

ग) दुवै पाठ्यपुस्तकको कक्षागत स्तरण मिले नमिलेको अध्ययन गर्नु,

घ) यी दुवै पाठ्यपुस्तकमा प्रयोग भएका भाषिक, व्याकरणिक, वर्णविन्यासगत त्रुटिहरुको पहिचान गर्नु,

ङ) दुवै पाठ्यपुस्तककाबीच विधागत समानता, अभ्यासहरु, चित्रहरु, शब्दभण्डारको व्यवस्थामा एकरुपता र स्तरअनुकूल भए नभएको अध्ययन गर्नु ।

छ) विद्यार्थीहरुको क्रिया, प्रतिक्रिया, प्रश्नोत्तर, अवलोकन, पुस्तक अध्ययन गर्ने, विद्यार्थीहरुको क्रिया प्रतिक्रिया, पुस्तक प्रकाशक, लेखक आदिसँग प्रत्यक्ष भेटघाट गरी सामग्री सङ्कलनको आधार बनाइएको छ ।

## १.४ अध्ययनको औचित्य र महत्व

कक्षा ४ का लागि तोकिएको नेपाली भाषा पाठ्यक्रमको पाठ्यक्रमअनुरुप तयार भए नभएको विश्लेषणमा, भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आन्तरिक र

बाह्य आधारमा दुई पाठ्यपुस्तकको अध्ययनमा, दुई पाठ्यपुस्तक बीच तुलनामा, दुबै पाठ्यपुस्तकहरुले विद्यार्थीको आवश्यकतालाई बुझ्न सक्छन् कि सक्दैनन् सो बारे आँकलन गर्नुमा, यस अध्ययनबाट दुवै पाठ्यपुस्तकका बीचको समानता, असमानताबारे स्पष्ट हुनेछ । यसबाट शिक्षण गर्ने शिक्षक, अध्ययन गर्ने विद्यार्थी, अभिभावक सबैलाई फाइदा पुग्नुमा, यी दुवै सामग्रीको विभिन्न पक्षको विश्लेषण गरी निष्कर्ष र सुझाव समेत पेश गरिने हुँदा भावी पिंढीका लागि अध्ययन र अनुसन्धान कार्यमा लाग्न मार्ग निर्देशन गर्नमा एवम् यस अध्ययनबाट प्राप्त निष्कर्ष हेरी पाठ्यपुस्तक निर्माण र लेखकहरुलाई अघि बढ्न प्रेरणा मिल्ने हुँदा यस शोधपत्रको अध्ययनको औचित्य र महत्व रहेको पाइन्छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अध्ययनको शीर्षक कक्षा चारको 'मेरो नेपाली' र 'मेरो नेपाली माला'-४ का बीचको तुलनात्मक अध्ययन रहेतापनि समय अभाव, आर्थिक कठीनाइ शोधको प्रयोजनजस्ता समस्यालाई दृष्टिगत गरी प्रस्तुत शोधपत्रलाई निम्नलिखित सीमामा सीमाङ्न गरिएको छः

क) प्रस्तुत शोधपत्र नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा मुद्रित सामुदायिक विद्यालयमा शिक्षण गरिने कक्षा ४ को 'मेरो नेपाली' र युनाइटेड नेपाल पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित निजी विद्यालयहरुमा शिक्षण गरिने कक्षा४को 'मेरो नेपाली माला'को तुलनात्मक अध्ययन र विश्लेषणमा सीमित रहेको छ ।

ख) प्रस्तुत शोधपत्रमा उल्लेखित पाठ्यपुस्तकको पाठ्यक्रम अनुरुपताका आधारमा अध्ययन गरिएको छ ।

ग) प्रस्तुत शोधपत्रमा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताको अध्ययन गरिएको छ ।

घ) प्रस्तुत शोधपत्रमा उल्लेखित पाठ्यपुस्तकका विधाको वितरणका बारेमा अध्ययन गरिएको छ ।

## १.६ शोधको रुपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न पाँच अध्यायमा विभाजन गरी अध्यायमूलक शीर्षक अन्तर्गत अध्ययन गरिएको छः

अध्याय एक : शोधको परिचय

अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

अध्यायः तीन - अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्यायः पाँच : निष्कर्ष, सुझाव र उपयोगिता

सन्दर्भसामग्रीसूची

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

कुनैपनि विषयमा शोधकार्य गर्नु अघि उक्त क्षेत्रमा यसभन्दा पहिले के-कस्ता शोधकार्यहरु भए ? त्यसबाट के-कति उपलब्धिहरु हासिल भए ? आफू अघिका शोधकर्ताले के-कस्ता सुझाव तथा निष्कर्ष दिए ? पूर्वकार्यको समीक्षाबाट यसअघि भए गरेका सम्पूर्ण जानकारीहरु हुने हुनाले यस क्षेत्रमा विद्यमान समस्याहरुलाई केलाई नयाँ कार्यको शुरुवात गर्नु उपयुक्त हुन्छ । नेपाली भाषा नेपालको ज्ञान विज्ञान, प्रविधि, दक्ष र सीपको आदानप्रदान गर्ने एकमात्र माध्यम हो । यो राष्ट्र र राष्ट्रियताप्रति भावनात्मक तथा वैचारिक मर्मबोध गराउने र संस्कृति, साहित्य र कला एवम् प्रचारको माध्यम समेत भएकोले यसको तहगत एवम् कक्षागत पाठ्यक्रम एवम् पाठ्यपुस्तकको समय-समयमा अध्ययन विश्लेषण हुनु आवश्यक छ ।

यसै सन्दर्भलाई ध्यानमा राखेर नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका सन्दर्भमा के-कस्ता अनुसन्धान भएका छन् र ती अनुसन्धानबाट के-कस्ता निष्कर्षहरु निकालिएको छ भनी संक्षिप्त चर्चा गरिएको छ ।

कृष्णगोपाल रस्तोगीले युनेस्कोको सहयोगमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CERID) का लागि सन् १९७८ मा गरेको अध्ययनको **प्रोजेक्ट अन इभ्यालुएशन अफ महेन्द्रमाला सेरिज अफ क्लासेज ज्ञ(छ** मा पाठ्यपुस्तकबारे अध्ययन भएको पाइन्छ । त्यसमा पाठ्यपुस्तकमा सम्पादित पाठ्यपुस्तकहरु विद्यार्थीहरुको बौद्धिक परिपक्वताभन्दा स्तरीय भएको, शब्द भण्डारको भार बढी भएको, विधागत पाठहरुको संयोजन स्तर नमिलेको, शब्द

चयनमा छनोट र स्तरणको पालना नगरिएको भाषिक सीपहरुको लागि पर्याप्त अभ्यास नभएका जस्ता निष्कर्षहरु निकालिएका छन् ।

हेमाङ्गराज अधिकारी (२०४४) द्वारा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CERID) का लागि गरिएको अध्ययनमा **"शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरु"**को प्राथमिक तहका पाठ्यक्रम- पाठ्यपुस्तकहरुको विश्लेषण शीर्षकको नेपाली भाषा उपशीर्षकमा पाठ्यक्रम पाठ्यपुस्तकबारे चर्चा गरिएको छ । अध्ययनमा पाठ्यक्रमले भाषाबोध तथा अभिव्यक्तिका अपेक्षाहरु समेटेको तर पाठ्यवस्तुको निर्धारण गर्दा भने अलग्गिएको निष्कर्ष निकालिएको छ । **प्राइमरी करिकुलम डेभ्लोप्मेन्ट एण्ड डिसिमिनेशन एण्ड टेष्टबुक रिभिजन** शीर्षकमा सन् १९८९ मा जोन्स लिटनद्वारा गरिएको अध्ययनमा प्राथमिक तहमा प्रचलित पाठ्यपुस्तकहरुको अध्ययन विश्लेषण गरिएको छ । अध्ययनका क्रममा नेपाली भाषा पाठ्यपुस्तकहरुको चर्चा गरिएको छ । यी पाठ्यपुस्तकहरुमा छनोट र स्तरणको ख्याल नगरिएको भन्ने यस अध्ययनमा निष्कर्ष निकालिएको छ । दैनिक व्यवहारमा प्रयोग नहुने, विद्यार्थीहरुको बौद्धिक क्षमता अनुकूल नरहेको पाठ तथा शब्दहरुको प्रयोग भएको भनिएको छ ।

नेत्रप्रसाद पौडेल (२०५५) द्वारा कक्षा ६ को **हाम्रो कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन** शीर्षकमा गरिएको अनुसन्धानमा सरकारी विद्यालय र निजी विद्यालयमा पढाइ हुने विषयवस्तुको सान्दर्भिक र अभ्यासहरुको स्थिति साथै पाठ्यक्रमले निर्धारण गरेको लक्ष्य र उद्देश्य जस्ता विषयमा केन्द्रित रहेर तुलना गरिएको छ ।

प्रकाश घिमिरे (२०५६) द्वारा **हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो नेपाली माला ८ को तुलनात्मक अध्ययन** शीर्षकमा गरिएको अनुसन्धानमा भाषा

पाठ्यपुस्तक र विधागत आधारमा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरिएको छ ।

त्यस्तैपाठ्यक्रम सम्बन्धी तुलनात्मक अध्ययन टीकाराम सुवेदी (२०५९) द्वारा **कक्षा ५ को मेरो नेपाली किताव र सजिलो नेपाली माला ५ को तुलनात्मक अध्ययन** गरेका छन् । उक्त तुलनात्मक अध्ययनमा कक्षा ५ को प्रस्तुत विषयको पाठ्यसामग्रीको निरन्तरतालाई स्तरीयताका आधारमा पाठ्यसामग्री बीचको तुलना र दुई पाठ्यपुस्तक बीचमा शब्दभण्डारको व्यवस्थामा एकरुपता र स्तरअनुकूल भए नभएको तुलना गरिएको छ ।

नारायणप्रसाद पौडेल (२०५९) द्वारा **कक्षा २ को 'मेरो नेपाली' र सरल नेपाली श्रृङ्खला २ को तुलनात्मक अध्ययन** गरी दुवै पाठ्यपुस्तक स्तरीयताका आधारमा निर्माण भएको छ, छैन, साथै उक्त दुवै पाठ्यपुस्तकमा विधाहरुको सन्तुलन कसरी कायम गरिएको छ ? सोबारे तुलनात्मक अध्ययन गरी त्यसै अनुसार निष्कर्ष निकालिएको छ ।

गेहनाथ गौतम (२०६०) द्वारा **'मेरो नेपाली' ५ र सजिलो नेपाल माला ५ को तुलनात्मक अध्ययन** रहेको छ । प्रस्तुत शोधपत्रमा गौतमले यी दुई पाठ्यपुस्तक नेपाल भाषा पाठ्यक्रम अनुसार तयार भए नभएको तुलनात्मक अध्ययन गरिएको छ साथै भाषा पाठ्यपुस्तक विश्लेषणका आधारमा सामग्रीहरुको विश्लेषण पनि गरिएको छ ।

रामकला पौडेल (२०६२) द्वारा कक्षा तीनको **'मेरो नेपाली' र सजिलो नेपाली मालामा प्रयुक्त शब्द भण्डारको तुलनात्मक अध्ययन** गरेकी छिन् । प्रस्तुत शोध पत्रमा गरिएको अध्ययनमा शब्दहरुको अक्षर संरचना पहिल्याउनु, विषयगत शब्दका दृष्टिले ती शब्दहरुलाई तुलनात्मक अध्ययन गरेकी छिन् । प्रस्तुत शोधपत्रमा गरिएको अध्ययनमा शब्दहरुको अक्षर संरचना पहिल्याउनु, विषयगत

शब्दका दृष्टिले ती शब्दहरुलाई तुलना गरेर हेर्नु जस्ता कुराहरु उद्देश्यले रुपमा समावेश गरिएको छ । त्यस्तै पाठ्यपुस्तकको तुलना, व्याकरण अभ्यासको तुलना के-कस्तो प्रकृतिको छ ? भन्ने पक्षमा केन्द्रित रहेर निष्कर्षहरु निकालिएको छ ।

दीपा चापागाइँ (२०६३) द्वारा **कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला ६ बीच तुलनात्मक अध्ययन** गरिएको छ । प्रस्तुत शोधपत्रमा आफूपूर्वका शोधकर्ताहरुले गरेको अध्ययनलाई आधार मानी विधाहरुको सन्तुलन पक्ष र पाठहरुका निर्माण तथा विधाहरुको आकारगत हिसाबमा केन्द्रित रहेर तुलनात्मक अध्ययन गरिएको छ ।

बसन्तप्रसाद घिमिरे (२०६६) द्वारा **कक्षा ५ को 'मेरो नेपाली' र शुभारम्भ नेपाली लहर- ५ को तुलनात्मक अध्ययन** शोधपत्रमा नेपाली भाषा पाठ्यक्रमअनुरुप ती दुवै पाठ्यपुस्तक तयार भए नभएको साथै भाषा पाठ्यपुस्तक विश्लेषणका आधारमा सामग्रीहरुको विश्लेषण पनि गरिएको छ ।

प्रस्तुत शोध अध्ययनमा दुवै पाठ्यपुस्तक शैलीवैज्ञानिक आधारमा निर्माण भए नभएको दुवै पाठ्यपुस्तकको कक्षागत स्तर मिले नमिलेको विधाहरुको प्रयोग के-कस्तो प्रकृतिको छ ? दुवै पाठ्यपुस्तक पाठ्यक्रमअनुरुप तयार भए नभएको, शब्दभण्डारको प्रयोग कुन पाठ्यपुस्तकमा बढी छ र शब्दभण्डारको व्यवस्थामा एकरुपता र स्तरअनुकूल छन्, छैनन् दुवै पाठ्यपुस्तकमा भाषिक, व्याकरणिक वर्णविन्यासगत आदि त्रुटिहरु छन्, छैनन् आदि पक्षमा केन्द्रित रहेर **कक्षा ४ को 'हाम्रो नेपाली किताब' र कक्षा ४ कै 'नेपाली माला'** बीच तुलनात्मक अध्ययन शीर्षकमा केन्द्रित रहेर अध्ययन गरी यसैअनुरुप निष्कर्ष निकाल्न यो शोधपत्र तयार गर्न लागिएको हो र यसैअनुसार तयार गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ भाषा पाठ्यपुस्तकको परिचय

पाठ्यक्रम भनेको शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम हो । (रा.शि.प.यो २०२८) पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य र विषयवस्तुअनुसार पाठ्यपुस्तक तयार पारिएको छ । यसमा विषयगत सिद्धान्त एवं पाठ्यसामग्रीको समुचित प्रस्तुतिकरण गरिएको हुन्छ । यो शिक्षक तथा विद्यार्थीका लागि तयार गरिएको महत्वपूर्ण र आधिकारिक पाठ्यसामग्री पनि हो । भाषा पाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमअनुसार तयार गरिएको पाठ्यपुस्तक हो । यसमा भाषा पाठ्यक्रमले अपेक्षा गरेअनुसारको भाषिक पाठ्यांशलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकतालाई ख्याल गरेर संगठित गरिएको देखिन्छ । विद्यालय तथा महाविद्यालयहरुमा पठनपाठनका क्रममा प्रयोग हुने पाठ्यपुस्तकले शिक्षकलाई योजनावद्ध ढङ्गले शिक्षण गर्न मद्दत गर्दछ भने विद्यार्थीलाई विभिन्न अभ्यासमा सरिक हुन कक्षा कार्यकलापमा सक्रिय रुपले सहभागी हुन, गृहकार्यमा प्रवृत्त हुन, उद्देश्यअनुरुपका उपलब्धिहरु प्रभावकारी ढङ्गले हासिल गर्नजस्ता कार्यमा सहयोग पुऱ्याउन भाषा पाठ्यपुस्तक विद्यार्थीहरुको मानसिक, संवेगात्मक, बौद्धिक पक्षका साथै उनीहरुको रुचि, आवश्यकता र प्रवृतिलाई समेत ख्याल गरेर निर्माण गरिएको हुन्छ ।

भाषा पाठ्यक्रमको मर्म र भावनाअनुसार तयार गरिने भाषा पाठ्यपुस्तकले सम्बन्धित विषयका बारेमा ज्ञान दिनुका साथै भाषाका चारवटै सीपको विकास गर्न मद्दत गर्दछ । भाषा पाठ्यपुस्तकमा विद्यार्थीको रुचि, स्तर, तह, समय जस्ता पक्षहरुलाई ख्याल गरी निर्माण गरिने हुनाले यसले विद्यार्थीको मानसिक र बौद्धिक क्षमता अनुसारको भाषिक ज्ञान तथा सीप प्रदान गर्न सहयोग गर्दछ । पाठ्यपुस्तकका बारेमा विभिन्न विद्वान्हरुले दिएका परिभाषा निम्नानुसार छन्:

“विद्यालय एवम् विद्यार्थीहरुबीच औपचारिक तबरले पढाउने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ” (नेपाली बृहत् शब्दकोश २०५५:१०) ।

“विशेषज्ञद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरु अँगाली सतर्कतापूर्वक तयार पारिएको कक्षाकोठामा प्रयोग गर्ने सामग्री नै पाठ्यपुस्तक हो” बेरुल ह्यारिस (१९६०-१५१७) ।

“पाठ्यपुस्तक भनेको पुस्तकको एक विशिष्ट प्रकार हो । कहिलेकाही यसले नवीन ज्ञान पनि दिन सक्छ तर त्यो यसले मुख्य कार्य होइन, यसको प्रमुख कार्य त तिर्धारित गरिएका क्षेत्रमा सम्बन्धित विद्यार्थीहरुलाई क्रमबद्ध ज्ञान उपलब्ध गराउनु हो” हिल्टन (१९६९: १४७०) ।

“पाठ्यपुस्तक भनेको कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले गरिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने प्रमुख अध्ययन स्रोत र सामग्री हो”गुड (१९५९: ५६७: ६८) ।

यसरी विभिन्न विद्वान्हरुले दिएका परिभाषाका आधारमा पाठ्यपुस्तकलाई औपचारिक अनौपचारिक शिक्षाका लागि अति महत्वपूर्ण सामग्रीका रुपमा लिन सकिन्छ । निर्धारित पाठ्यक्रम र पाठ्यांशलाई समेट्ने गरी विद्यार्थीका स्तर, रुचि र क्षमतालाई ख्याल गरेर तयार गरिएको शिक्षक र विद्यार्थीलाई विशेषतः पठनपाठनमा सहयोग गर्ने विशिष्ट सामग्री नै पाठ्यपुस्तक हो ।

भाषा पाठ्यपुस्तक र अन्य विषयको पाठ्यपुस्तकमा पनि भिन्नता पाउन क्सकिन्छ । भाषा पाठ्यपुस्तकमा सम्बन्धित विषयका बारेमा ज्ञान दिनका लागि भाषिक सीप विकास गराउने उद्देश्यले निर्माण गरिएका हुन्छन् । भाषा पाठ्यपुस्तकमा विधा र विषयवस्तु क्रमशः प्रस्तुति र पाठ्यवस्तुका आधार मात्र हुन्छन् भने अन्य पाठ्यपुस्तकमा विषयवस्तुको सिकाइ गर्ने उद्देश्य हुन्छ । अथवा विषयवस्तु नै साधन र साध्य दुवै हुन्छ । जस्तैः भाषा पाठ्यपुस्तकमा प्रयोग

भएको एउटा विधा विषयवस्तु (प्रबन्ध) ले पठनबोधको अभ्यास, सस्वरवाचन, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, अर्थ विस्तार, मौखिक वर्णन, निबन्ध रचना, व्याकरणका विभिन्न नियम तथा प्रयोगको अभ्यास जस्ता पाठ्यवस्तु शिक्षण गराउन सकिन्छ ।

भाषा पाठ्यपुस्तक अध्ययनका दुई आधार हुन्छन् । आन्तरिक र बाह्य आधार आन्तरिक आधार अन्तर्गत विषयवस्तु, त्यसको प्रस्तुति, भाषा, नमूना अभ्यास, चित्र, भूमिका तथा निर्देशन पर्दछन्, भने बाह्य आधार अन्तर्गत आवरणपृष्ठ पाठ्यपुस्तकको आकारप्रकार, छपाइ, बँधाइ, अक्षरको आकार, कागजको स्तर, मूल्य आदि पर्दछन् । राम्रो पाठ्यपुस्तकमा यी दुई आधारहरुको समुचित तालमेल हुनुपर्दछ । स्तरीय पठनपाठनका लागि उपयुक्त पाठ्यपुस्तक, दक्ष, शिक्षक तथा राम्रो शैक्षिक व्यवस्थापन हुनुपर्दछ । पाठ्यपुस्तकले नै कक्षा कार्यकलापलाई उद्देश्योन्मुख बनाउँछ । त्यसैले प्रर्याप्त मात्रमा सन्र्दभ र सहायक सामग्रीको विकास भई नसकेको हाम्रो जस्तो मुलुकमा भाषा पाठ्यपुस्तक नै भाषा शिक्षणको आधार बनेको छ ।

## २.२.२ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध

पाठ्यक्रम भनेको सम्बन्धित तहको शैक्षिक कार्यकलापको योजना हो जसमा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन विषयवस्तुको क्रम, क्षेत्र आदि निर्देशित गरिएको हुन्छ । शिक्षण सिकाइ कार्यकलाप सही ढङ्गले सञ्चालन गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्न शिक्षण प्रक्रियालाई सही गोरेटोमा डोऱ्याउने मार्ग दर्शनको कार्य पाठ्यक्रमले नै गर्दछ । पाठ्यक्रम शिक्षण प्रक्रियाको अभिन्न अङ्ग हो पाठ्यक्रमको उद्देश्यपूर्ति गर्न आवश्यक पर्ने विभिन्न सामग्रीमध्ये महत्वपूर्ण सामग्रीका रुपमा पाठ्यपुस्तकलाई लिइन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरुको पूर्ति गर्न क्रमवद्ध रुपमा प्रस्तुत हुने सामग्रीको

भूमिका पाठ्यपुस्तकले निर्वाह गर्दछ । पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएका कुराहरु प्रस्टयाउने काम पनि पाठ्यपुस्तकले  गर्दछ ।

विषयको प्रकृतिअनुसार पाठ्यक्रम र पाठ्यपुस्तकको प्रकृति पनि फरक-फरक किसिमको हुन्छ । भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको प्रकृति अन्य पाठ्यक्रम र पाठ्यपुस्तकभन्दा फरक प्रकृतिको हुन्छ । भाषा पाठ्यपुस्तकमा भाषिक प्रयोजन विषयवस्तु राखिएका हुन्छन् भने अन्य विषयका पाठ्यपुस्तकमा वैषयिक प्रयोजन अनुरुप विषयवस्तु राखिएका हुन्छन् । पाठ्यक्रमको निर्देशन विना पाठ्यपुस्तकले कुनै पनि कार्य गर्न सक्दैन, पाठ्यक्रमको विस्तृतीकरण पाठ्यपुस्तक हो भने पाठ्यपुस्तकको मार्गदर्शन पाठ्यक्रम हो । पाठ्यपुस्तक पाठ्यक्रमको पूरक सामाग्री हो । पाठ्यक्रमले निर्धारण गरेका तहगत एवम् विषयगत उद्देश्य परिपूर्ति गर्ने आधारबाट पाठ्यपुस्तकहरु पनि भाषा पाठ्यक्रममा उल्लेखित सीपगत आधारमा तयार गरिएका हुन्छन् । भाषा पाठ्यक्रमको उद्देश्यअनुरुप नै पाठ्यपुस्तकमा विषयवस्तुको छनौट गरिएको हुन्छ । साथै क्षेत्र र क्रम पनि ध्यान दिनुपर्दछ । पाठ्यक्रमले तोकेबमोजिम विषयवस्तुको छनोट, तिनको क्षेत्र र क्रमको सङ्गठनलाई हेरेर पाठ्यपुस्तकको निर्माण गरिने हुँदा पाठ्यक्रम र पाठ्यपुस्तक बीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका सैद्धान्तिक कुराहरुलाई पाठ्यपुस्तकले व्यवहारिक रुपमा प्रस्तुत गर्दछ । मूल्याङ्कन गर्दा शैक्षिक प्रक्रिया, कार्यक्रम, सिकाइको स्तर, विद्यार्थीका उपलब्धि जस्ता पक्षको जानकारी पाठ्यपुस्तककै आधारमा गरिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यअनुरुपका सीप, विषयवस्तु, विधा, शिक्षण विधि, क्षेत्र, क्रम आदिको सङ्गठन गरी पाठ्यपुस्तकको निर्माण गरिने भएकोले पाठ्यक्रम र पाठ्यपुस्तकका बीच गाढा सम्बन्ध रहेकै हुन्छ ।

### २.२.३ भाषा पाठ्यपुस्तकहरुको अध्ययन-विश्लेषणको आधार

शिक्षण सिकाइको स्तरयुक्तताका लागि पाठ्यक्रम स्तरयुक्त हुनुपर्छ । पाठ्यपुस्तक सोहीअनुरुप बनेको हुनुपर्छ । प्रशिक्षित र दक्ष हुनुपर्छ भने शैक्षिक व्यवस्थापन पनि चुस्त र स्तरयुक्त हुनुपर्दछ । त्यसमा पनि हाम्रो जस्ता मुलुकमा पाठ्यपुस्तकमा नै कक्षा कोठाका सम्पूर्ण कार्यकलापहरु केन्द्रित गरिन्छन् । त्यसैले पाठ्यपुस्तकनै शिक्षकका लागि पत्यारिलो कक्षा सामाग्री हो र विद्यार्थीका लागि एकमात्र कक्षा सामग्री तथा गृहकार्य गर्ने आधार पनि हो । अतः पाठ्यपुस्तकको उपयुक्तता के कस्तो छ ? पाठ्यपुस्तकहरु पाठ्यक्रमअनुरुप समय सापेक्ष, विद्यार्थीको स्तर र क्षमता अनुसार छन्, छैनन् ? भनेर समय समयमा अध्ययन विश्लेषण गरिनु आवश्यक छ । पाठ्यपुस्तक अध्ययन विश्लेषणका विभिन्न आधारहरु छन् । पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारलाई 'आन्तरिक र बाह्य' गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । आन्तरिकअन्तर्गत विषयवस्तु, त्यसको प्रस्तुति, भाषा, चित्र, नमूना अभ्यास, भूमिका तथा निर्देशन पर्दछन् भने 'बाह्य' आधारअन्तर्गत पाठ्यपुस्तकको आकार, प्रकार, आवरण पृष्ठ, छपाइ, अक्षरको आकार, कागजको स्तर, बँधाई र मूल्य पर्दछन् । यसै परिप्रेक्ष्यमा प्रस्तुत अध्ययनमा कक्षा ४ का नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्न खोजिएको छ । यस आधारमा आन्तरिक र बाह्य पक्षको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

#### २.२.३.१ आन्तरिक वा शैक्षिक पक्ष

##### २.२.३.१.१ विषयवस्तु

भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणको आन्तरिक वा शैक्षिक आधार अन्तर्गत विषयवस्तुलाई प्रमुख आधार मान्न सकिन्छ । भाषा पाठ्यक्रमले निर्देश गरेबमोजिम हुनका साथै विद्यार्थीको बौद्धिक क्षमताले भ्याउन सक्ने खालको,

बालमनोविज्ञानलाई आधार बनाएर उनीहरुलाई पठनपाठनमा आकर्षित गर्ने किसिमको हुनुपर्छ । विषयवस्तुको छनोट गर्दा विषयवस्तुमा विविधता, विद्यार्थीको पूर्व अनुभव र अपेक्षित भाषिक सीपको विकासमा सहयोग पुऱ्याउन सक्ने खालको विषयवस्तु छनोट गरिनुपर्दछ । विषयवस्तुहरु सांस्कृतिक धार्मिक, सामाजिक, सूचनामूलक, लैङ्गिक समानताका दृष्टिले समेत उपयुक्त हुनुपर्छ ।

### २.२.३.१.२ शब्दभण्डार

भाषा पाठ्यपुस्तक विश्लेषणको आन्तरिक आधारअन्तर्गत अर्को महत्वपूर्ण आधार शब्दभण्डार हो । शब्दहरुको आपसी संयोजनबाट नै भाषा तयार भएको हुन्छ । भाषाको उचित एवम् सान्दर्भिक प्रयोग संयोजनबाट भाषाका बोध र अभिव्यक्तिगत पाठ्यवस्तुहरु तयार भएका हुन्छन् । त्यसैले भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डार, विद्यार्थीको भाषिक पृष्ठभूमि, स्तर र आवश्यकताअनुरुप हुनुपर्दछ । भाषिक बोध र अभिव्यक्तिगत क्षमता विकासका लागि शब्दभण्डार क्षमताको समुचित प्रवर्द्धन र संयोजन हुन सकेमा पाठ्यपुस्तक स्तरीय हुन्छ तर शब्दहरु विद्यार्थीको क्षमताअनुरुप तयार पारिएको हुनुपर्दछ ।

### २.२.३.१.३ विधा तथा प्रस्तुति

भाषिक सीपको विकास गराउने उद्देश्यले तयार गरिने भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनुका साथै विविधतामा पनि आपसी संयोजन हुनुपर्छ; एउटै विधाका पाठहरु अध्ययन गर्नुपर्ने भएमा विद्यार्थीको पाठ्यवस्तुप्रति रुचि घटेर जान्छ । एउटै विधाका पाठहरुले भाषिक सीपको विकासमा उल्लेख्य सहयोग नगर्ने हुनाले भाषा पाठ्यपुस्तक निर्माण गर्दा विधागत विविधतामा जोड दिनुपर्छ । विधागत प्रस्तुतिमा छनोट र स्तरणलाई ध्यान दिएमा पाठ्यवस्तु स्तरीय बन्दछ । विधागत प्रस्तुति सरलबाट जटिल, ज्ञातबाट अज्ञात, स्थूलबाट भावनात्मकताको क्रममा राखिएका भाषा पाठ्यपुस्तकको स्तरगत उपयुक्तताको पहिचान र

मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ । भाषा पाठ्यपुस्तकमा प्रयोग हुने वाक्यहरु भाषिक सीप आर्जन हुने खालका हुनुपर्छ । प्राथमिक तहमा विद्यार्थीको बौद्धिक क्षमतालाई दृष्टिगत गरी छोटा र सरल वाक्यहरुको प्रयोग गरिनुपर्छ ।

### २.२.३.१.४ नमुना अभ्यास

अभ्यास पाठ्यपुस्तकको महत्वपूर्ण आन्तरिक विशेषता हो । भाषा पाठ्यपुस्तकका हरेक पाठका अन्त्यमा नमूना अभ्यास राखिएको हुन्छ । यसलाई भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषणको महत्वपूर्ण आधार मानिन्छ । प्रत्येक नमूना अभ्यासबाट भाषिक सीपको अभ्यास होस् भन्ने अपेक्षा गरिने हुनाले यो भाषिक सीप विकासमा तथा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूरा हुने खालको हुनुपर्दछ । प्रत्येक विधाका पाठपछि दिइने नमूना अभ्यास, विद्यार्थीको कक्षागत तह, वातावरण, रुचि अनुकूल हुनका साथै उक्त विधाबाट अपेक्षित लक्ष्य पूरा गर्ने खालको हुनुपर्दछ । जस्तैः कविता विधापछि राखिने अभ्यासले विद्यार्थीलाई लय बोध, भाव बोध, कठीन शब्दको अर्थ र वाक्यमा प्रयोग जस्ता भाषिक कुशलता प्राप्त गर्न सघाउ पुग्दछ । अभ्यासहरु सरल जटिल क्रममा विद्यार्थीहरुको बौद्धिक क्षमताअनुरुप भाषाका चारै सीप बढाउने, रुचिपूर्ण, सीपपरक तथा सिर्जनात्मक खालको हुनुपर्दछ ।

### २.२.३.१.५ चित्र

पाठ्यवस्तुलाई अझ स्पष्ट पार्न तथा आकर्षक र रुचिपूर्ण बनाउन चित्रको उपयोग गरिन्छ । यसले कुनै पनि नवीन विषयवस्तु वा दृश्यावलीलाई चिन्न, बुझ्न, धारणा बसाल्न सूक्ष्म दृष्टिकोण वृद्धि गर्न सहयोग पुऱ्याउँछ । चित्र, विषयवस्तुको प्रकृति र सान्दर्भिकताअनुरुप हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा समावेश गरिने चित्रहरु आकर्षक, दुरुस्त, उपयुक्त आकारको र उपयुक्त ठाउँमा प्रयोग गरिनुपर्दछ । पाठ्यपुस्तकमा भएका धेरै शब्दहरुले भन्न नसकेका कुरालाई

चित्रहरुद्वारा सजिलै बोध गराउन सक्दछन् । भाषा पाठ्यपुस्तकमा यस्ता चित्रहरुलाई समावेश गरिएका खण्डमा अध्ययन प्रभावकारी बन्न सक्दछ ।

**२.३.२.६ भूमिका तथा निर्देशन**

पाठ्यपुस्तकको महत्वपूर्ण एवम् परिचयात्मक खण्ड भूमिका तथा निर्देशन पनि हो । यसैका आधारमा निर्दिष्ट पाठ्यपुस्तकको कुन पाठ, कुन उद्देश्यले शिक्षण गरिने हो सो को बारेमा थाहा हुन्छ । पाठ्यपुस्तकमा दिइने भूमिका तथा निर्देशन शिक्षकलाई शिक्षण कार्यमा सहयोग पुऱ्याउने स्पष्ट र व्यवहारिक हुनुपर्दछ ।

**२.२.३.२ बाह्य आधार**

भाषा पाठ्यपुस्तकका विशेषताअन्तर्गत आन्तरिक र बाह्य दुई आधार पर्दछन् । यसभित्र पाठ्यपुस्तकका बाह्य स्वरुप अर्थात् भौतिक पक्ष अन्तर्गत बनोट, अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ, कागजको स्तर, मूल्य, सुलभता तथा अन्य बाह्य प्रबन्धका कुराहरु पर्दछन्, जसलाई निम्नानुसार चर्चा गर्दा सान्दर्भिक मानिन्छ ।

**२.३.२.१ बनोट**

बनोटलाई आवरण पनि भनिन्छ । यो पाठ्यपुस्तकको बाहिरी कवच हो । आवरण पृष्ठमा भाषा पाठ्यपुस्तकको नाम, कक्षा, तह जनाइएको हुन्छ । आवरणले पाठ्यपुस्तकलाई ढाक्ने तथा सुरक्षा गर्ने भएकोले आवरणमा प्रयोग गरिने कागज मोटो, बलियो, चिल्लो र आकर्षक हुनुपर्दछ ।

**२.३.३.२ आकार**

पाठ्यपुस्तकको आकार र प्रकारको कुरा गर्दा भद्दा र नसुहाउने खालका तत्वहरुलाई समावेश गर्नु हुँदैन । आकार बालबालिकाको उमेर सुहाउँदो, बोक्न पनि सजिलो खालको हुनुपर्छ ।

### २.३.३.३ अक्षराकार र ठाउँ छोडाइ

पाठ्यपुस्तकमा प्रयोग गरिने अक्षरहरुको आकार र अन्तराललाई महत्वपूर्ण प्राविधिक पक्षका रुपमा हेर्न सकिन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका अक्षराकार विद्यार्थीको उमेर र स्तरअनुसार सान्दर्भिक देखिन्छ । पूर्वप्राथमिक र प्राथमिक तहका सुरुमा कक्षामा प्रयोग हुने भाषा आवश्यक छ, भने कक्षा र स्तर वृद्धिसँग अक्षरको आकार र अन्तराललाई सानो बनाउन सकिन्छ ।

### २.३.३.४ छपाइ र बँधाइ

भाषा पाठ्यपुस्तकको बाह्य विशेषताका रुपमा छपाइ र बँधाइको विशेष महत्व र भूमिका रहेको हुन्छ । छपाइका निम्ति प्रयोग हुने मसी नउड्ने र नफुल्ने खालको हुनुपर्दछ । तल्ला कक्षाहरुका पाठ्यपुस्तकलाई आकर्षक बनाउन विभिन्न रङ्गका मसीको पनि प्रयोग गर्नुपर्दछ । पाठ्यपुस्तकमा शब्द, वाक्य र अनुच्छेदको दूरी मिलेको हुनुपर्दछ ।

पाठ्यपुस्तकको बँधाइ बलियो हुनुपर्छ । छिट्टै उक्किने र पाना छुट्टिने खालको बँधाइ राम्रो हुँदैन । पाठ्यपुस्तकको बधाइँ स्ट्यापलर पिनले भन्दा धागोले मिलाएर सिउनु राम्रो हुन्छ । बँधाइ गर्दा सबै पानालाई बलियो र संरक्षित तवरले राख्नुपर्छ । साथै पाना राम्रोसँग पल्टाउन मिल्ने, अक्षर नछोपिने गरी बाँध्नुपर्ने कुरामा पनि त्यत्तिकै सचेतता अपनाउनु पर्दछ ।

### २.३.३.५ कागजको स्तर

भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने कागज सामान्यतया चिल्लो, सेतो र दुवैतिर छाप्दा पनि एकातिरबाट अर्कोतिर अक्षर नदेखिने हुनुपर्दछ । जति मसिनो, चिल्लो, राम्रो र बाक्लो खालको कागज भयो त्यति नै पाठ्यपुस्तकको स्वरुप पनि आकर्षक र प्रभावकारी हुन्छ ।

### २.३.३.६ मूल्य

भाषा पाठ्यपुस्तकको मूल्य विद्यार्थीको कक्षा स्तर र अभिभावकको क्रम शक्तिलाई ध्यान दिई निर्धारण गरिनुपर्दछ । पाठ्यपुस्तक नाफा कमाउने उद्देश्यले उत्पादन गरिनु हुँदैन । शिक्षामा सर्वसाधारणको पहुँच पुऱ्याउन र “सबैका लागि शिक्षा” भन्ने नारालाई सार्थक बनाउन पनि मूल्य सुपथ हुनुपर्छ ।

### २.३.३.७ सुलभता

पाठ्यपुस्तकको प्रभावकारिता भनेको गरीबीको रेखामुनी रहेका विपन्नवर्गलाई ख्याल गरी बनाएका खण्डमा नै उनीहरुलाई सुलभ हुने खालको मूल्य निर्धारण गरिएको हुन्छ । पाठ्यपुस्तक सर्वसुलभ हुनुपर्दछ । नेपालको भौगोलिक अवस्था र विकासको गति सबै क्षेत्रमा समान नभएको अवस्थामा ग्रामीण र दुर्गम क्षेत्रहरुमा पनि सर्वसुलभ तरिकाले पुस्तक उपलब्ध हुनुपर्छ ।

### २.३.३.८ विषयसूची

पाठ्यपुस्तकमा विधागत पाठ प्रारम्भ हुनु अघि भाषा पाठ्यपुस्तकमा विषयसूचि दिइनुपर्दछ । विषयसूचि हेरेर कुन पाठ कति पृष्ठमा छ भनी खोज्न र अध्ययन अध्यापन गर्न सजिलो हुन्छ । माथि उल्लेखित पक्षहरुका अतिरिक्त भाषा पाठ्यपुस्तकका अन्य परिधीय विशेषताहरु हुन्छन् । जस्तै आवरण पृष्ठमा प्रस्तुत लेखकको नाम र प्रकाशक सूचना तथा आवरणदेखि भित्रको पृष्ठमा संस्करण, प्रकाशन वर्ष आदिको यथेष्ठ सूचना, कक्षा वा तहको सूचना जस्ता कुराहरु पनि परिधीय विशेषता अन्तर्गत पर्दछन् ।

# अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया

### ३.१ अध्ययन विधि

यस शोध कार्यका लागि निम्नलिखित विधिहरुको प्रयोग गरिएको छ । यस कार्यमा राम्रो भाषा पाठ्यपुस्तकमा हुनुपर्ने गुणका आधारमा तयार पारिएका पाठ्यपुस्तक, अध्ययन विश्लेषणका आधारहरुको विश्लेषण आदि तालिकाको निर्माण गरी त्यसैलाई व्याख्या विश्लेषणको आधार बनाइएको छ । यस कार्यका लागि पुस्तकालयीय अध्ययनलाई मूल आधार बनाइएको छ । पाठ्यपुस्तक र पाठ्यसामग्रीहरुको सकेसम्म संक्षिप्त र वस्तुगत अध्ययन विश्लेषण एवम् तुलनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । पाठ्यपुस्तकको अध्ययन विश्लेषणमा विद्यार्थीको रुचि, स्तर, क्रमबद्धतालाई पनि ध्यान दिने कोशिश गरिएको छ । अध्ययन विधिमा तुलनात्मक अध्ययन विधि, विश्लेषणात्मक अध्ययन विधि, छलफल विधि, अन्तर्क्रिया र प्रत्यक्ष भेटघाट विधिआदिलाई प्रयोगमा ल्याइएको छ ।

### ३.२ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्य पूरा गर्नको निम्ति निम्नलिखित प्रक्रियाबाट सामग्री सङ्कलन गरिएको छः

क) प्रस्तुत शोधकार्यका लागि यस अघि भएका भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययनलाई आधार लिइएको छ ।

ख) प्रस्तुत शोध कार्यका निम्ति मुख्य रुपमा पुस्तकालयीय अध्ययनलाई आधार बनाइएको छ ।

ग) प्रस्तुत कार्यका लागि विभिन्न पत्रपत्रिकामा प्रकाशित अनुसन्धान सम्बन्धी लेख रचना साथै पाठ्यपुस्तकलाई पनि आधार बनाइएको छ ।

घ) प्रस्तुत शोधकार्यका लागि सम्बन्धित शिक्षकहरु र साथीहरुसँग अन्तर्क्रिया र छलफल पनि गरिएको छ ।

ङ) प्रस्तुत शोधकार्यका लागि सम्बन्धित विषयका पाठ्यक्रम र पाठ्यपुस्तकहरुलाई पनि आधार सामग्री बनाइएको छ ।

च) यस कार्यमा विद्वानहरुको राय, सुझावहरुलाई पनि मार्गदर्शकका रुपमा लिइएको छ ।

छ) विद्यार्थीहरुको क्रिया, प्रतिक्रिया, प्रश्नोत्तर, अवलोकन, पुस्तक अध्ययन गर्ने, विद्यार्थीहरुको क्रिया प्रतिक्रिया, पुस्तक प्रकाशक, लेखक आदिसँग प्रत्यक्ष भेटघाट गरी सामग्री सङ्कलनको आधार बनाइएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## ४.१ निर्धारित पाठयपुस्तकहरुको अध्ययन तथा विश्लेषण

शिक्षा मानिसको तेस्रो चम्किलो आँखा हो । औपचारिक रुपमा विद्यालय गएर पढ्ने चलन र परम्परा रहेका हाम्रो देशका लागि प्राथमिक तह शिक्षाको आधारशीला तयार गर्ने तह हो । वर्तमान शिक्षाको संरचनाअनुसार १ देखि ८ कक्षासम्मलाई आधारभूत तहका रुपमा परिभाषित गरिएको पाइन्छ । आधारभूत तहको पूर्व प्राथमिक तह (कक्षा३) पार गरेर कक्षा चारमा अध्ययनार्थ उपस्थित हुने विद्यार्थीका पूर्व अनुभव, रुचि, स्तर, आदिलाई ध्यानमा राखेर कक्षा ४ को पाठ्यक्रम निर्धारण गरेका उद्देश्यका आधारमा पाठ्यपुस्तक निर्माण गरीएको हुन्छ । हरेक कक्षा वा तहको अन्तमा हासिल हुने उपलब्धिहरु, भाषिक सीप, कार्यमूलक व्याकरणका विभिन्न तहहरु पाठ्यक्रमले नै निर्धारण गरेको हुन्छ । यसप्रकार कक्षा ४ को पाठ्यक्रमले निर्धारित पाठ्यपुस्तकमा कविता, कथा, प्रबन्ध, संवाद, चिठी आदि विधाहरु राखिएको छ ।

अघिल्लो अध्यायमा भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारका आधारमा कक्षा ४ को नेपाली भाषा पायपुस्तकको अध्यायन विश्लेषणका निमित्त २१ वटा पाठहरु, ६ वटा विधाहरुलाई पाठ्यक्रमले निर्धारण गरेको छ ।

### ४.१.१ 'मेरो नेपाली' कक्षा ४ को अध्ययन

#### ४.१.१.१ आन्तरिक पक्ष

##### ४.१.१.१.१ विषयवस्तु

भाषा पाठयपुस्तकमा समावेश गरिने विषयवस्तु भाषा पाठ्यक्रमले अपेक्षा गरेअनुसारको हुनुपर्छ । यस्ता विषयवस्तु, पाठ्यवस्तु, विद्यार्थीको क्षमता, स्तर अनुकूल र रुचीअनुसारको हुनुपर्छ । कक्षा ४ को 'मेरो नेपाली' मा २१ वटा

पाठहरु राखिएका छन् । जसमा कविता ५ वटा , कथा ६ वटा, प्रबन्ध ६ वटा ,संवाद २ वटा र चिठी १ र निवेदन १ वटा रहेका छन् । यी पाठहरुमा राखिएका विषयवस्तु पौराणिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक र लोकजीवनसँग सम्बन्धित छन् । यस पाठ्यपुस्तकमा प्रयोग गरिएका कविताहरु सामाजिक, नैतिक, सांस्कतिक, प्राकृतिक देशप्रेम झल्काउनेतिर उन्मुख छन् । कथाहरु लोकजीवनसँग सम्बन्धित, नैतिक मूल्य मान्यताप्रति सजग गराउने शिक्षाप्रद, आपसी प्रेमभावको विकास यस्ता कथाहरु पौराणिक, सामाजिक, नैतिक, लोककथा, समावेशी चरित्र र उपदेशाात्मक प्रकृतिका छन् । विकास गराउनेतर्फ उन्मुख भएका छन् । प्रबन्ध वर्णनात्मक विवरणात्मक प्रकृतिका देखिन्छन् । संवादहरु मनोरञ्जनात्मक ढाँचाका र जानकारीमूलक छन् । लैङ्गिक समानता र जातीय समानतालाई समावेश गरिएको छ ।

### ४.१.१.१.२. विधा र प्रस्तुति

विधागत प्रयोगका दृष्टिबाट हेर्दा प्रस्तुत पुस्तकमा पाँच प्रकारका विधाहरु प्रयोग गरीएको छ । पाठ्यपुस्तकमा प्रयोग भएका विधा र विधासम्बद्ध पाठहरु निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १**

| क्र.स. | विधा | विधागत पाठहरु | क्षेत्र | संख्या |
|---|---|---|---|---|
| १ | कविता | १) गाउँछ गीत नेपाली<br>२) लक्ष्य<br>३) आमा<br>४) पापलाग्छ<br>५) नौलाख तारा | राष्ट्रप्रेम र गौरवगाथा<br>मातृत्वप्रेम, राष्ट्रप्रेम,<br>उपदेश<br>प्रकृतिप्रेम र नैतिक उपदेश,<br>प्रकृतिप्रेम र उद्देश्यमूलक | ५ |

| | | | | |
|---|---|---|---|---|
| २ | कथा | १) धनको घमण्ड<br>२) नीमको पात<br>३) दाजुभाइ र बूढावा<br>४) बजा लौरी डाङ्डुङ<br>५) पछुतो<br>६) सत्यकामको अठोट | पौराणिक<br>नैतिक/औपदेशिक<br>सामाजिक<br>लोककथा<br>सामाजिक/समावेशी<br>पौराणिक | ६ |
| ३ | प्रबन्ध | १) वचत गर्ने बानी<br>२) वाग्मती नदी<br>३) स्वस्थ बनौं<br>४) नरेशको यात्रा<br>५)बालबालिकाको अधिकार<br>६) आधुनिक सञ्चार | विवरणात्मक<br>वर्णनात्मक, आत्मपरक<br>वर्णनात्मक<br>नियात्रा<br>विवरणात्मक<br>वर्णनात्मक | ६ |
| ४ | संवाद | १) विहेको निम्तो<br>२) पशुपन्छी र हाम्रो कर्तव्य | सामाजिक<br>प्रकृतिचेतना | २ |
| ५ | चिठी | १) प्रधानाध्यापकलाई निवेदन<br>२) बुबाको चिठी | निवेदन<br>घरायसी चिठी | २ |

यस पाठ्यपुस्तकमा पाँचवटा विधा अन्तर्गत कविता ५, कथा ६, प्रबन्ध ६, संवाद २, र चिठी २ (निवेदनसमेत गरी) वटा गरी २१ वटा पाठहरु रहेका छन् । पाठअन्तर्गत ५ वटा पद्य र १६ वटा गद्य पाठ राखिएको छ, भने जीवनी विधाका पाठहरु राखिएको छैन । पाठहरुको लम्वाइका दृष्टिबाट हेर्दा

एक पृ. (उनले राति दिलबहादुर सुतेपछि त्यहाँ ताउलीजस्तै अर्को भाँडो राखिदिइन् र सक्कली ताउली लुकाइन्) देखि २३ पृ.६१ (दिलबहादुर परिन) मा संरचित गद्यका पाठहरु छन् । गद्य विधामा प्रयुक्त वाक्यहरु एक शब्द (हवस् पृ.३६) देखि २२ शब्द (राजकुमारले .........वि? पृ.२१) सम्म रहेका छन् । विधाहरुको रखाइक्रम कविता, कथा, प्रबन्ध, चिठी, कविता, कथा, प्रबन्ध, संवाद र चिठी रहेका छन् । कविता गाउँछ गीत नेपाली १८, लक्ष्य २४, आमा १६, पापलाग्छ २४, नौलाख तारा २० हरफमा संरचित छन् । लम्वाइका दृष्टिले पठनको सन्तुलन ठिकै छ ।

### ४.१.१.१.३ नमुना अभ्यास

भाषा पाठ्यपुस्तकमा राखिएका विधागत पाठअनुरुप नमूना अभ्यासहरु हुनुपर्दछ । 'मेरो नेपाली' कक्षा ४ मा हरेक पाठको अन्त्यमा अभ्यास राखेर तिनको अर्थ दिने कामलाई अपनाएको पाइन्छ ।

हरेक विधागत पाठको अन्त्यमा ८ देखि १६ वटा नमूना अभ्यासहरु राखिएका छन् । अभ्यासहरु पाठअनुसार सन्तुलित ढङ्गले दिएका छन् । समग्र पाठयपुस्तक भरि ३१४ वटा नमूना अभ्यास छन् । अभ्यासहरु पनि विभिन्न किसिमका छन् । यस पाठमा सुनाइ, वोलाइ, पढाइ, लेखाइअन्तर्गत पढेर सुनाउने, शुद्ध पारी सार्ने, जोडा मिलाउने, वाक्यमा प्रयोग गर्ने, उत्तर दिने, प्रधानाध्यापकलाई निवेदन दिने प्रश्न र भित्तेपात्रो हेरेर बोध उत्तर दिने, बोध प्रश्न गरी जम्मा ८ वटा अभ्यास मात्र दिएको छ, भने पाठ ५ 'नीमको पात', ७ 'विहेको निम्तो' र पाठ १६ 'पाप लाग्छ'मा १६ वटा नमूना अभ्यासहरु दिएका छन् ।

वर्गीकृत प्रकृतिसँग मिल्ने अभ्यासहरु निम्न छन्:

**तालिका नं. २**

| क.स | अभ्यास | जम्मा अभ्यास |
|---|---|---|
| १ | प्रश्नोत्तर | ३९ |
| २ | शब्दभण्डार | ७५ |
| ३ | सुनाइ बोलाइ | २१ |
| ४ | उच्चारण | ७ |
| ५ | पढाइ | ९ |
| ६ | लेखाइ | ३१ |
| ७ | शुद्ध गरी सार्ने | २१ |
| ८ | जोडा मिलाउने | २ |
| ९ | वाक्यमा प्रयोग गर्ने | २१ |
| १० | तालिका बनाउने | ४ |
| ११ | कोठेपद | १ |
| १२ | व्याकरण | १२ |
| १३ | खाली ठाउँ भर्ने | १६ |
| १४ | ठिक वेठिक छुट्याउने | ४ |
| १५ | अन्य | ५१ |
| | जम्मा | ३१४ |

अभ्यास अन्तर्गत पाठ १ मा १ पाठ, ५ मा १ पाठ, ९ मा १ र पाठ २० मा २ वटा चित्रहरुको प्रयोग गरिएको छ ।

यसरी राखिएका नमूना अभ्यासमा विविधता पाइन्छ । जस्तैः खाली ठाउँ भर्ने अभ्यासमा कतै मिल्दो शब्द नराखी खाली ठाउँ अभ्यासको प्रकृति पाठअनुकूल

नै रहेको  छ । पाठ्यक्रमले राखेको उद्देश्यहरु पूरा गराउने खालका पाठहरु रहेका
छन् । प्रश्नोत्तर वाक्य निर्माण, शुद्ध गरी सार्ने जस्ता प्रश्नहरु पनि पाठ्यपुस्तकमा राखिएका छन् । पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरु भाषिक सीपलाई समेट्ने खालका छन् ।

**४.१.१.१.४ चित्र**

यस पाठ्यपुस्तकमा सबै विधाका पाठहरुमा प्रशस्तै चित्रको प्रयोग भएको छ । पाठका तुलनामा अभ्यासमा अत्यन्त कम चित्रको प्रयोग भएको छ । 'मेरो नेपाली' कक्षा ४ मा जम्मा ६२ वटा चित्रको प्रयोग भएकोमा ५४ वटा पाठमा र अभ्यासमा ८ वटा चित्रको प्रयोग गरीएको छ । अभ्यासमा दिइएका चित्रहरु हेरेर वर्णन गर्ने खालका छन् । जम्मा २१ वटा पाठहरु मध्ये पाठ १० बुबाको चिठी र पाठ १५ प्रधानाध्यापकलाई निवेदनमा कुनै पनि चित्रको प्रयोग गरिएको छैन । सबैभन्दा धेरै पाठ ८ मा ६ वटा चित्र प्रयोग गरीएको छ भने सबैभन्दा कम पाठ १, ३, ११, १४, १६, मा १।१ वटा चित्र प्रयोग गरीएको छ भने त्यसैपाठ १८ मा २ वटा, पाठ २, ५, ६, ७, १२, १७, मा ३/३ वटा पाठ १३, १९, २०, र २१ मा ४।४ वटा तथा पाठ ९ र ४ मा ५ वटा मा १, पाठ ९ मा १ र पाठ २० मा २ वटा चित्रहरुको प्रयोग गरीएको छ । पाठ २० मा २ वटा चित्रहरुको प्रयोग गरीएको छ । चित्रहरु पाठ बुझाउन सहयोग गर्ने खालका सामग्री हुन् । सम्पूर्ण चित्रहरु सादा छन् ।

**४.१.१.१.५ भूमिका निर्देशन**

यस पाठ्यपुस्तकमा जम्मा ५ पृष्ठ भूमिका खण्डअन्तर्गत छन् । प्रथम पृष्ठमा पाठ्यसामग्रीको नाम र कक्षा रहेको छ । दोस्रो खाली र तेस्रो पाठ्यसामग्रीको नाम, कक्षा र प्रकाशक संस्थाको नाम राखिएको छ । चौथोमा प्रकाशक,

संस्करण, सर्वाधिकार, मुद्रण सम्बन्धी जानकारी र अन्त्यमा सुझावका लागि आग्रह राखिएको छ । तेस्रो पृष्ठमा हाम्रो भनाइ राखिएको छ । शिक्षा शैक्षिक उद्देश्य र परिमार्जित प्राथमिक तहको पाठ्यक्रमअनुसार पाठयपुस्तक प्रकाशन गरीएको, पाठयपुस्तक लेखन र परिमार्जन गर्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिइएको छ । पाँचौं पृष्ठमा विषयसूची दिइएको छ । यसमा पाठ, शीर्षक, पाठ्यविधा र पृष्ठ नं दिइएको छ । भूमिका र निर्देशनअन्तर्गत दिइएका यी पाँचौं पृष्ठमा भने पृष्ठ सङ्ख्या दिइएको छैन ।

## ४.१.१.२ बाह्य वा भौतिक पक्ष

### ४.१.१.२.१ आवरण पृष्ठ

मेरो नेपाली कक्षा ४ को आवरण पृष्ठ सामान्य, कलात्मक र साधारण रङ्गीन छ । यसमा पृष्ठको दायाँतर्फ सिरानमा रातो छायाँ भागमा ४ को अङ्क राखिएको छ । त्यसपछि तल्लो लाइनमा विच भागमा पर्ने गरी ठुला अक्षरमा मेरो नेपाली र त्यसभन्दा मुनि सानो अक्षरमा कक्षा ४ राखिएको छ । त्यसपछि हल्का रातो र गाढा रातो रङ्गको छायाँ भागमा चित्र राखिएको छ । चित्रमा बायाँतर्फ विद्यालय छ भने दायाँतर्फ रुख छ । रुखभन्दा मुनि दुईजना विद्यार्थीहरु खेलिरहेका छन् भने पछाडि साना बच्चाहरु डोरीमाथि फड्कने खेलमा छन् । ह्विल चियरमा बसेको एकजना अपाङ्ग बच्चाले पनि डोरी समाएर खेलमा सहभागी भएको दृश्य चित्रमा देख्न सकिन्छ । यसप्रकारले हेर्दा चित्र आकर्षक छ । पछाडिको भागमा रातो रङ्गको छायाँ भएको सिरानमा कक्षा ४ को कक्षागत गीत शीर्षक दिइएको छ । त्यसभन्दा तल विच भागमा पर्ने गरी कक्षा ४ को कक्षागत गीत लेखिएको छ । पुछारमा गीतकार भूपाल राई र सङ्गीतकार प्रदीप बम्जनको नाम उल्लेख गरीएको छ । बायाँतर्फ पुछारमा प्रकाशक नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर भनेर पा.वि.के को लोगो सहितको सङ्केत दिइएको छ । दुवै पृष्ठको भित्री सेतो रङ्गको सादा छ । कागज अन्य पान्नाहरुभन्दा मोटो र चिल्लो रहेको छ ।

**४.१.१.२.२ आकार**

आकारका दृष्टिबाट 'मेरो नेपाली'को लम्बाइ २४.६ से.मी. चौडाइ १७.३ सेमी रहेको छ । पाठ्यपुस्तकमा जम्मा ११४+५ पृष्ठहरु रहेका छन् ।

**४.१.१.२.३ कागज**

पाठ्यपुस्तक छपाइका लागि प्रयोग गरीएको कागज हल्का सेतो रङ्गको छ । आवरण पृष्ठको कागज केही बाक्लो छ । सबै ठाउँमा कालो त कुनै फिक्का कालो रहेको छ । कक्षाको स्तरअनुसार पाठ्यपुस्तकको कागज उपयुक्त छ ।

**४.१.१.२.४ मूल्य**

यो पाठ्यपुस्तक नेपाल सरकारद्वारा सार्वजनिक/सामुदायिक विद्यालयहरुमा अध्यायन गर्ने छात्रछात्रहरुका लागि मूल्य ३२।३० राखिएको छ ।

## ४.१.२. मेरो नेपाली माला

### ४.१.२.१ आन्तरिक पक्ष

#### ४.१.२.१.१ विषयवस्तु

कक्षा ४ को 'मेरो नेपाली माला'मा कविता, कथा, प्रबन्ध, चिठी, जीवनी संवाद विधाका २० वटा पाठहरु रहेका छन् । विधागत पाठमा राखिएका विषयवस्तु सामाजिक, प्राकृतिक, पौराणिक, नैतिक प्रकृतिसँग सम्बन्धित छन् । प्रस्तुत पुस्तकमा कविता -५ , कथा -७, प्रबन्ध-४ चिठी -१, जीवनी-२, संवाद -१ गरी जम्मा २० वटा पाठहरु रहेका छन् । यस पाठ्यपुस्तकमा प्रयोग गरिएका कविता प्राकृतिक, नैतिक, देशप्रेम झल्काउने खालका छन् । कथाहरु

सामाजिक, पौराणिक, नैतिक, उपदेशात्मक प्रकृतिका छन् । संवाद प्रकृति चेतना र जीवनी साहित्यिक रहेका छन् ।

### ४.१.२.१.२ विधा र प्रस्तुति

विधागत प्रयोगका दृष्टिबाट हेर्दा प्रस्तुत पुस्तकमा ६ प्रकारका विधाहरु प्रयोग गरिएका छन् । पाठयपुस्तकमा प्रयोग भएका विधा र विधासम्बद्ध पाठहरु निम्नानुसार तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. ३**

| क.स. | विधा | विधागत पाठहरु | क्षेत्र | संख्या |
|---|---|---|---|---|
| १ | कविता | १) नववर्ष | प्राकृतिक | ५ |
| | | २) पापलाग्छ | नैतिक | |
| | | ३) जून हाम्रो साथी हो | उपदेश | |
| | | ४) मैनवत्ती | उपदेश | |
| | | ५) गाउँछ गीत नेपाली | राष्ट्रप्रेम र गौरवगाथा | |
| २ | कथा | १) हाँस र कछुवा | उपदेश | ६ |
| | | २) एक रुपैयाको धुप | नैतिक | |
| | | ३) बाजी | सामाजिक | |
| | | ४) अर्नाको चलाखी | उपदेश | |
| | | ५) असल को ? | सामाजिक | |
| | | ६) जङ्गली टिउराहरुको | नैतिक | |
| | | एक दिन | उपदेश सामाजिक | |
| | | ७) डोको | चित्रकथा | |
| ३ | प्रबन्ध | १) असलखराब | विवरणत्मक | ४ |
| | | २) पुच्छरको कुरा | वर्णनात्मक | |

| | | | | |
|---|---|---|---|---|
| | | ३) राष्ट्रिय चरो डाँफे<br>४) छठपूजाको परिचय | विवरणात्मक<br>वर्णनात्मक | |
| ४ | जीवनी | १) आदिकवि भानुभक्त आचार्य<br>२) प्रेरणाको स्रोत कोइलीदेवी | साहित्यिक | २ |
| ५ | चिठी | १) प्रधानाध्यापकलाई निवेदन | विद्यालय | १ |
| ६ | संवाद | १) मिङमा र टाँसी | प्रकृति चेतना | १ |
| | | जम्मा | | २० |

यस पाठयपुस्तकमा छ वटा विधाअन्तर्गत कविता -५ , कथा-६, प्रबन्ध-४, जीवनी -२, चिठी-१, संवाद-१ वटा गरी जम्मा २० वटा पाठहरु रहेका छन् । पाठको लम्बाइका दृष्टिबाट हेर्दा ९ वाक्यमा संरचित प्रधानाध्यापकलाई निवेदन (पृ. ४१) देखि ५९ वाक्यमा संरचित जङ्गली टिउराहरुको एक दिन (पृ.८९) कथा सम्म रहेको छ । एक वाक्यमा १ शब्द नमस्ते ! (पृ.७१) देखि ३४ शब्द ( पृ.८०) कसरी बाँच्थ्यो ................. तयार भएनन्) मा गद्य पाठहरु संरचित छन् । विधाहरुको रखाइक्रम कविता, कथा, प्रबन्ध, जीवनी, कविता, कथा, प्रबन्ध, चिठी, कथा, कविता, प्रबन्ध, जीवनी, कविता, रहेको छ । कविता नववर्ष २०, पापलाग्छ १६, जून हाम्रो साथी हो १०, मैनवत्ती १६, गाउँछ गीत नेपाली १८ हरफमा संरचित छन् । लम्बाइका दृष्टिबाट पाठको सन्तुलन ठिकै छ ।

### ४.१.२.१.३ नमुना अभ्यास

प्रस्तुत 'मेरो नेपाली माला' कक्षा ४ मा हरेक पाठको अन्त्यमा नमूना अभ्यास दिइएका छन् । पाठका विधाको प्रकृतिअनुसार विभिन्न किसिमका अभ्यासहरु राखिएको छ । प्रश्नोत्तर, खाली ठाउँ भर्ने, शुद्ध उच्चारण, तालिका, बनाउने, जोडा मिलाउने, शब्दभण्डार, वाक्यमा प्रयोग गर्ने, ठिक बेठिक छुट्याउने, जोडा मिलाउने, शुद्ध बनाएर लेख्ने, उल्टो अर्थ लेख्ने र सिर्जनात्मक अभ्यास गरी जम्मा ३२२ वटा अभ्यासहरु छन् । सबैभन्दा बढी अभ्यास पाठ ४ मा १९ अभ्यास, बाह्र चौध र अठारमा २० र २० वटा अभ्यासहरु छन् । यिनीहरुमा उच्चारण गर्ने प्रश्नको उत्तर लेख्ने, जोडा मिलाउने, खाली ठाँउ भर्ने आदि प्रश्नहरु राखिएका छन् । सबैभन्दा थोरै अभ्यास पाठ सत्र र उन्नाइसमा छन् । पाठ सत्रमा सुनेर उच्चारण, शब्दभण्डार, वाक्यमा प्रयोग गर्ने, ठिक बेठिक छुट्याउने, उत्तर लेख्ने पाठ १९ मा शब्द उच्चारण, ठिक बेठिक, शब्दभण्डार, प्रश्नोत्तर जस्ता अभ्यासहरु छन् । 'मेरो नेपाली माला' कक्षा ४ मा राखिएका नमुना अभ्यासलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छः

**तालिका नं. ४**

| क्र.सं. | नमूना अभ्यास | जम्मा संख्या |
|---|---|---|
| १ | शब्दभण्डार | ८६ |
| २ | प्रश्नोत्तर | ४८ |
| ३ | वाक्य निर्माण | २० |
| ४ | शुद्ध गरी लेख | १४ |
| ५ | व्याकरण | ५५ |
| ६ | तालिकाबाट वाक्य बनाऊ | १ |
| ७ | लेखाइ | ५४ |

| | | |
|---|---|---|
| ८ | उच्चारण | २० |
| ९ | खाली ठाउँ भर | २६ |
| १० | जोडा मिलाऊ | १३ |
| ११ | पढाइ | १७ |
| १२ | सुनाइबोलाइ | ७ |
| १३ | उल्टो अर्थ लेख | ११ |
| १४ | ठिक बेठिक छुट्याउने | १२ |
| | जम्मा | ३६३ |

प्रस्तुत पाठको नमुना अभ्यासमा विविधता पाइन्छ । भाषिक सीपको विकासका दृष्टिले नमुना अभ्यास विविधता भए पनि सुनाइ, बोलाइ, पढाइ, लेखाइ, जस्ता भाषिक सीपसँग सम्बन्धित भएर नमूना अभ्यास राखिएको छ । प्रत्येक पाठको अन्त्यमा शाब्दार्थ राखिएको छ । अभ्यासमा शब्दार्थ र प्रश्नोत्तरलाई बढी महत्व दिइएको छ । यस्ता अभ्यासहरु प्रत्येक पाठमा राखिएका छन् । बोधप्रश्नलाई अभ्यासमा स्थान दिइएको छैन । खाली ठाँउ भर्ने प्रश्नलाई आवश्यकतानुसार सन्तुलित रुपमा राखिएको छ । सिर्जनात्मक अभ्यासमा चित्रवर्णनलाई बढी महत्व दिइएको छ ।

### ४.१.२.१.४ चित्र

मेरो नेपाली मालामा प्रधानाध्यापकलाई निवेदन बाहेक प्रत्येक पाठमा चित्रहरुको प्रयोग गरीएको छ । २० वटा पाठमा जम्मा ५५ वटा साथै अभ्यास र सिर्जनात्मक अभ्यासमा गरी जम्मा १० चित्रहरुको प्रयोग गरीएको छ । सबैभन्दा धेरै पाठ १८ मा २२ चित्र वटा रहेका छन् । सबैभन्दा थोरै पाठ १, ४, ५, ७, ८, १०, ११, १३, १५, १७, १९, २०, मा १/१ वटा र सिर्जनात्मक

अभ्यासअन्तर्गत सम्पूर्ण चित्रहरु रङ्गीन छन् चित्रको समावेश भने कम मात्रामा गरिएको छ ।

### ४.१.२.२ बाह्य वा भौतिक पक्ष

#### ४.१.२.२.१ आवरण पृष्ठ

'मेरो नेपाली माला' कक्षा ४ को आवरण पृष्ठ रङ्गीन छ । पुस्तकको आवरणमा प्याजी रङ्ग छ । सबैभन्दा माथि दायाँलाई ग्ल्क्ष्त्भ्स्क रातो घेरा भित्र लेखिएको छ । त्यसभन्दा मुनि ठुलो अक्षरमा 'मेरो नेपाली माला' लेखिएको छ भने त्यसैको मुनि रातो र गोलो आवरणमा कक्षा ४ लेखिएको छ । त्यसैको मुनि गोलो घेरा भित्र बायाँतर्फ पृथ्वीको तस्वीर त्यसभित्र झण्डाको चित्र राखिएको छ । पृथ्वीको गोलोभित्र नीलो, हरियो, तातो, सुन्तला रङ्गमा विभिन्न आकृतिकहरु देखाइएको छ । दायाँतर्फ सेतो र नीलो बुट्टासँगै बुद्ध भगवान्को तस्वीर देखाइएको छ । त्यसभन्दा तल दुई लेखकहरुका नाम दिइएको छ । पछाडिको भन्दा केही फरक नीलो आवरणमा छ । बायाँतर्फ सिरानमा पुस्तककै अगाडिको भाग देखाइएको छ । वीच भागमा मेरो नेपाली मालाका प्रकाशकहरु दिइएको छ । केही तल बायाँतर्फ पब्लिकेशनको नाम र दायाँतर्फ पुस्तकको मूल्य राखिएको छ । अन्त्यमा प्याजी रङ्गको अक्षरमा Journey to Execllence........ लेखिएको छ ।

#### ४.१.२.२.२ आकार

आकारका दृष्टिबाट मेरो नेपाली माला किताबको लम्बाइ २३ से.मी. र चौडाइ १७ से.मी. रहेको छ । किताबमा जम्मा १२२+७ पृष्ठहरु रहेका छन् ।

#### ४.१.२.२.३ छपाइ

प्रस्तुत पाठ्यपुस्तकमा प्रत्येक पानामा छपाइ गर्दा किनारा अगाडि १.५ र किनारा पछाडि १.५ से.मी. तथा माथि २ से.मी. र तल २ से.मी. छोडिएको छ ।

#### ४.१.२.२.४ कागज

पाठ्यपुस्तक छपाइका लागि प्रयोग गरीएको कागज हल्का सेतो रङ्गको छ । तर पाठ शीर्षक र तलको पृष्ठ खण्ड नीलो रङ्गको छ । आवरण पृष्ठको कागज केही बाक्लो छ ।

#### ४.१.२.२.५ बँधाइ

पाठ्यपुस्तकका पृष्ठहरुलाई स्टेपलर पिनद्वारा दुई ठाउँमा बाँधिएको छ । आवरण पृष्ठद्वारा बाँधिएको किताव आवरण पृष्ठमा गुँद प्रयोग गरी बाहिरबाट छोपिएको छ ।

#### ४.२.२.२.६ मूल्य

यसको मूल्य रु १६०।- तोकिएको छ ।

## ४.२ पाठ्यक्रम अनुरुपताका दृष्टिले निर्धारित पाठ्यपुस्तकको अध्ययन

### ४.२.१ विषय प्रवेश

पाठ्यपुस्तक पाठ्यक्रम कार्यान्वयनको महत्वपूर्ण शैक्षिक सामग्री हो । पाठ्यक्रमको लक्षित उद्देश्यपूर्ति गर्ने महत्वपूर्ण शैक्षिक सामाग्री पाठ्यपुस्तक भएकोले यसलाई पाठ्यक्रमअनुरुप निर्माण गरिनुपर्छ, अन्यथा पाठ्यक्रमको औचित्य रहँदैन, राष्ट्रको आवश्यकतालाई ध्यानमा राखी निर्माण गरिने पाठ्यक्रम अनुरुप पाठ्यपुस्तक निर्माण हुनुपर्छ ।

भाषा पाठ्यक्रमले अपेक्षा गरेका भाषिक सीप पूरा गर्न भाषा पाठ्यपुस्तकमा विभिन्न विधाका पाठ तथा अभ्यासहरु दिइएका हुन्छन् । अभ्यासअन्तर्गत शब्दभण्डार, प्रश्नोत्तर, वाक्यनिर्माण, खाली ठाँउ भर्ने, शुद्धसँग उच्चारण गर्ने,

लेख्ने, तालिकाबाट, वाक्य बनाउने आदि हुन्छन् । पाठ्यपुस्तकका पाठको साथै अभ्यासहरु पनि पाठ्यक्रमअनुरुप हुनुपर्छ पाठ्यक्रमअनुरुपको पाठ्यपुस्तकको निर्माण भएन भने राष्ट्रको लगानी खेर जान्छ । यहाँ कक्षा ४ को 'मेरो नेपाली' र 'मेरो नेपाली माला' पाठ्यक्रमअनुरुप निर्माण भए नभएको अध्ययन गर्न लागिएको दुई आधारलाई लिइएको छ ।

## ४.२.२ कक्षा चारको 'नेपाली भाषा पाठ्यक्रम' र 'मेरो नेपाली' उद्देश्य र पाठहरु ( विधाको क्षेत्र, क्रम र पाठहरु समेत)

### ४.२.२.१ उद्देश्य र पाठहरु

शैक्षिक योजनाहरु सञ्चालन गर्न बनाइएको कार्यक्रम पाठ्यक्रम हो; यो शिक्षाका उद्देश्यहरु हासिल हुने गरी निर्माण गरिएको हुन्छ । पाठ्यक्रम शिक्षण प्रक्रियाको मूल आधार हो । यसकै आधारमा सम्पूर्ण शैक्षिक क्रियाकलापहरु निर्माण गरिएका हुन्छन् । पाठ्यक्रम समयअनुकूल परिवर्तन भइरहनुपर्दछ । समयानुकूल परिवर्तन नहुने पाठ्यक्रमले समसामयिक परिवेश विज्ञान र नविनतम अन्य कुराहरु र परिवर्तित परिवेशलाई समेट्न सक्दैन; यसैलाई मध्यनजर गरी पाठ्यक्रम (०४९) लाई बढी व्यवहार उपयोगी बनाउन पाठ्यक्रम परिमार्जन गरेको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०६१ देखि देशका दश जिल्लामा परीक्षणका लागि तयार पारिएको थियो । यसै पाठ्यक्रमका आधारमा निर्माण गरीएको 'मेरो नेपाली' को विश्लेषण गर्न लागिएको हो ।

भाषा पाठ्यक्रममा भाषिक सीप विकासको लक्ष्य राखिएको हुन्छ । सोही लक्ष्यअनुसार सीप विकास गर्न भाषा पाठयपुस्तकमा विभिन्न प्रकृतिका विधागत पाठहरु तथा विधागत पाठअनुसारका भाषिक अभ्यासरु राखिएका हुन्छन् । कक्षा चारको 'मेरो नेपाली' मा पनि भाषा पाठ्यक्रमका उद्देश्य पूरा

गर्ने खालका पाठ र अभ्यासहरु राखिएका छन्/छैनन् भन्ने कुराको अध्ययन विश्लेषण गरिएको छ ।

नेपाली भाषा पाठ्यक्रमले प्राथमिक तहका तहगत उद्देश्यका रुपमा सुनाइ, बोलाइ, पढाइ, लेखाइका साथै कार्यमूलक व्याकरणलाई पनि समावेश गरेको छ । कक्षा चारको 'मेरो नेपाली'मा कथा, कविता, संवाद, प्रवन्ध, र चिठी गरी पाँच विधाका पाठहरु राखिएका छन् । यिनै विधाअन्तर्गत पाठहरुबाट भाषिक सीपको विकास गर्ने लक्ष्य राखिएको छ । कथा, कविता र संवाद विधाका पाठले विद्यार्थीलाई आनन्दपूर्वक सुनेर आफ्नो अभिव्यक्तिको विकास गरी सुनाइ र बोलाइ सीपको विकास गराउनमा सहयोग पुऱ्याउँछन् । यस्ता सीप विकास गराउने पाठहरुमा गाउँछ गीत नेपाली, लक्ष्य, आमा, पाप लाग्छ, नौलाख तारा, धनको घमण्ड, नीमको पात, दाजुभाइ र बुढाबा, वजालौरी डाङडुङ, पछुतो, सत्य कामको अठोट, बिहेको निम्तो, पशुपन्छी र हाम्रो कर्तव्य पाठ रहेका छन् । पढाइ सीपको विकास गराउनमा कथा, कविता, प्रबन्ध विधाले सहयोग पुऱ्याउँछन् भने लेखाइ सीपको विकास गराउन पनि कथा, कविता प्रबन्ध, संवाद, चिठी विधाका पाठहरु उपयोगी हुन्छन् । 'मेरो नेपाली' कक्षा ४ मा पाठहरुको अन्त्यमा अभ्यास दिइएका छन् । उक्त पाठयपुस्तकमा पढाइ सीप र सुनाइ सीपको विकास गर्ने उद्देश्यले 'शुद्धसँग पढेर सुनाऊ' जस्ता अभ्यासहरु राखिएका छन् । शब्दभण्डारको विकास गराउन शब्द र अर्थको जोडा मिलाउने, वाक्यमा प्रयोग, पढाइ, तालिकाबाट वाक्य बनाउने अभ्यासले शब्दभण्डारको विकास हुने देखिन्छ । त्यसैगरी पदक्रम मिलाउने, वाक्यमा प्रयोग गर्न लगाउने, व्याकरण आदि अभ्यासले कार्यमूलक व्याकरणको उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउन खाली ठाउँ भर्ने, तालिकाबाट वाक्य बनाउने, जस्ता अभ्यासमा लिङ्ग, वचन, पुरुष, काल, आदिको सङ्गति मिलाएर

वाक्य पूरा गर्ने हुनाले कार्यमूलक व्याकरणलाई सहयोग पुग्दछ । शुद्ध लेखन सम्बन्धी अभ्यासले लेखाइ सीपको विकास गराउन मद्दत पुऱ्याउँछ भने बोध प्रश्नले चाँहि बोध क्षमताको विकास गराउन प्रभावकारी भूमिका निर्वाह गर्दछ ।

**४.२.२.१.१ भाषिक सीप (सुनाइ र बोलाइ)**

प्राथमिकता शिक्षा पाठ्यक्रमले कक्षागत सिकाइ उपलब्धिअन्तर्गत सुनाइ सीपका ५ बोलाइ सीपका ६ वटा उद्देश्य राखेको छ । सुनाइ सीपअन्तर्गत साधारण निर्देशन सुनेर पालना गर्ने, सुनेका आधारमा उस्तै जस्ता लाग्ने वाक्य सुनेर तिनको फरक अर्थ बताउन विशेष परिवेशमा भएका कुराकानी छलफल वर्णन सुनेर प्रतिक्रिया दिन, विद्युतीय सञ्चार माध्यमबाट प्रसारित बाल उपयोगी कार्यक्रम सुनेर प्रतिक्रिया जनाउन जस्ता उद्देश्य राखिएका छन् भने बोलाइ सीपअन्तर्गत संयुक्त वर्ण भएका शब्दहरुको शुद्ध उच्चारण गरी स्वभाविक गतिमा बोल्न, शिष्टचारका शब्द प्रयोग गरी बोल्न, सामान्य विषयमा धक नमानी शोधपुछ, कुराकानी, प्रश्नोत्तर, वर्णन र छलफल गर्न, साधारण, विषयमा हाउभाउ सहित संवाद तथा अभिनय गर्न, गति, यति, र लय मिलाइ गीत, कविता भन्न र आफूले जानेका बाल कथा, गाउँखाने र चुट्किला भन्ने जस्ता उद्देश्यहरु राखिएका छन् । 'मेरो नेपाली' कक्षा ४ मा पनि सुनाइ र बोलाइ सीपको विकास गराउने विभिन्न अभ्यासहरु दिएका छन् । पाठ १ को 'गाउँछ गीत नेपाली' कविता शिक्षकले गाएको सुन र त्यसैअनुसार गाऊ भन्ने प्रश्न दिइएको छ । यसबाट विद्यार्थीमा सुनाइ तथा बोलाइ सीपको विकास हुन्छ । उक्त पाठयपुस्तकमा कविता विधाका पाठअन्तर्गत माथिका कविता लय हालेर पढ गाऊ जस्ता बोलाइ सीपको विकास गर्ने अभ्यासहरु दिइएका छन् । प्रस्तुत पाठयपुस्तकमा (पृष्ठ २, ८, १२,

१६, २२, २९, ३६, ४५, ५१, ५६, ६४, ७०, ७५, ८२, ९०, ९५, ९९, १०५, ११२) दिइएका शिक्षकबाट 'सुन र पढ, गाऊ' भन्ने वाक्यले पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्दछन् । तिमीले जानेको एउटा कथा भन (पेज नं. ९, २४) पाँचवटा गाउँखानेकथा सुनाऊ (२४) चित्र हेरी ५ वाक्यमा वर्णन हाटबजार, मन्दिर, मेला, जात्रामा देखेका राम्रा र नराम्रा कुराबारे कक्षामा छलफल गर, चुट्किला भन, रेडियो र टेलिभिजनमा उपयोगी कार्यक्रम सुन र त्यसका बारेमा कक्षामा सुनाऊ, चित्र, पुराणवाचन, प्रवचन, नाटक, वादविवाद वा लोकगीत प्रतियोगितामा देखेका कुरा बताऊ, जस्ता अभ्यासले पनि पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्ने देखिन्छ । पाठ्यक्रमले सुनाइ सीपको लागि पाठ्यभार ३८ र अंकभार (प्रतिशतमा) १५% कायम गरीएको छ । त्यस्तै बोलाइ सीपको लागि ५१ पाठ्यभार र अंकभार २०% कायम गरीएको छ । पाठ्यक्रमले कायम गरेअनुसार पाठ्पुस्तकमा अभ्यासहरु पर्याप्त नै देखिन्छन् ।

### ४.२.२.१.२ पढाइ

प्राथमिक पाठ्यक्रमले कक्षा ४ मा पढाइ सम्बन्धी ४ वटा उद्देश्य राखेको छ । यसमा गति, यति र लय मिलाई पढ्न, पोस्टर, भित्तेपात्रो, हस्तलिखित सामग्री पढ्न, चिठीपत्र, समाचार र अन्य विवरणहरु पढ्न र बाल साहित्यहरु सवस्वर र मौन रुपमा पढ्न रहेका छन् ।

पाठ्यपुस्तकमा राखिएका सबै विधाका पाठले पठनबोधको विकास गराउँछन्, पाठ्यपुस्तकमा राखिएका २१ वटै पाठहरुमा पठनबोध सम्बन्धी अभ्यासहरु राखिएका छन् । पाठ्यपुस्तकमा पढाइ अन्तर्गत १४ र पढाइ लेखाइअन्तर्गत ९ वटा अभ्यास राखिएका छन् । तलका प्रष्टसँग उच्चरण गर तलका शब्द शुद्धसँग पढ, पढेर सुनाऊ जस्ता अभ्यासले लेखिएका कुरा शुद्ध र स्पष्टसँग उच्चारण गरी पढ्न सक्ने उद्देश्यको पूर्ति हुन्छ, पाठ्यपुस्तक (पृष्ठ २, १६, ५९,

८२, ११२) मा उच्चरण गर पढेरसुनाऊ, (पृ.८) शुद्धसँग पढेर सुनाऊ (पृ.२२) पढ, बुझ, सार, (पृ.३, ११४) पढ र लेख (पृ.३७), पढ र बुझ पृ.५,२३) गाउँखाने कथा पढ (पृ.२४) पढ र सोधिएका प्रश्नका उत्तर देऊ (पृ.३१) संवादमा तीनजना पात्र बनेर सुनाऊ (पृ.३७) निमन्त्रणा पत्र पढ र प्रश्नको जवाफ लेख (पृ.७६) जस्ता अभ्यासले विद्यार्थीले उच्चारणका दृष्टिले कठीन शब्द, साईनबोर्ड, पोस्टर, चुट्किला, अनुच्छेद, संवाद र सरल बालसाहित्य पढ्न सक्ने उद्देश्य पूरा गर्ने देखिन्छ । पाठ्यक्रमले पढाइ सीपको लागि ७७ पाठ्यभार र ३०% अंकभार निर्धारण गरेको छ ।

**४.२.२.१.३ लेखाइ**

प्राथमिक पाठ्यक्रममा कक्षा ४ मा लेखाइ सम्बन्धी ७ वटा उद्देश्य राखिएका छन् । यस चित्र तथा अन्य सरल विषयवस्तुको लिखित वर्णन, हिज्जे मिलाएर शब्द लेख्न, बान्की मिलेका वर्णहरु ठिक दुरीमा लेख्न शुद्ध र सफासँग अनुलेखन गर्न, सरल अनुच्छेदको श्रुतिलेखन गर्न, निर्देशनका आधारमा तथा स्वतन्त्र रुपमा छोटा रचना तयार गर्न, पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्धरण चिन्हको प्रयोग गर्न जस्ता उद्देश्यहरु रहेका छन् ।

नमुना अभ्यासमा दिइएका प्रश्नोत्तर, खाली ठाउँ भर्ने, शुद्ध गरी लेख्ने, शब्दको रुप बदल्ने, चित्र हेरेर वर्णन गर्ने, तालिकाबाट वाक्य बनाउने, पढ्ने, बुझ्ने र सार्ने जस्ता अभ्यासबाट विद्यार्थीको लेखाइ सीपको विकास गराउने लक्ष्य राखिएको छ । नमूना अभ्यासमा सच्याएर कापीमा सार भनी पाठहरु अभ्यासमा दिइएका छन् । त्यसैगरी, प्रश्नोत्तर वाक्यमा प्रयोग, जोडा मिलाउने अभ्यासहरु सम्पूर्ण पाठमा दिइएको छ । यी अभ्यासका अतिरिक्त पाठसँग सम्बन्धित अभ्यास, जस्तै नदिका नाम लेख, तिमी आफ्नो शरीरलाई स्वस्थ्य राख्न के-के गर्छौ ? तालिका बनाऊ, पङ्क्तिको अर्थ लेख, पाप लाग्छ,

कवितामा के-के नगर्नू, भनिएको छ ? लेखजस्ता अभ्यास पनि लेखाइ सीपको विकासमा सघाऊ पुऱ्याउने खालका छन् । उदाहरणमा दिएजस्तै शब्दको रुप बदल (पृ.३), पढ, बुझ र सार (पृ.३, ८, १३, १८, २३, ३०) चित्र हेरी वर्णन गर (पृ.४, २५) , शब्द प्रयोग गरी वर्णन गर (पृ.४), क्रम मिलाइ लेख (पृ.९), अनुच्छेद लेख (पृ१८,३०,), तालिकाबाट वाक्य बनाऊ (पृ.२३) र बोध प्रश्न ( पृ.३१) जस्ता अभ्यासहरु दिइएको छ । पाठ्यक्रमले निर्धारण गरेको ३०.०८% प्रतिशत समयका निम्ति अभ्यासहरु प्रशस्त मात्रामा दिइएको छ । पाठ्यक्रमले तोकेको लेखाइ सीप सम्बन्धी उद्देश्यहरु पूरा गर्न अभ्यासहरु उचित र प्रशस्त छन् । विद्यार्थीमा सृजनात्मकता र काल्पनिक शक्ति बढाउने खालका अभ्याससमेत पाठयपुस्तकमा दिइएको छ । लेखाई सीप विकासका लागि पाठ्क्रमले ७७ पाठ्यभार र ३०% अंकभार निर्धारण गरेको छ ।

### ४.२.२.२ कार्यमूलक व्याकरण

कार्यमूलक व्याकरण बोलाइ र लेखाइ सीपको विकास गराउने उद्देश्यले पाठ्यक्रममा राखिएको छ । कार्यमूलक व्याकरणमा पनि पदसङ्गति र क्रियाको काल रहेका छन् । यसअन्तर्गत वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न तथा सामान्य वर्तमानकाल, सामान्य भूतकाल र सामान्य भविष्यत्काल प्रयोग गरी बोल्न र लेख्न लगाउने जम्मा २ वटा उद्देश्य राखिएको छ । यसको लागि पाठयपुस्तकमा व्याकरण सम्बन्धी भनेर छुट्टै अभ्यास दिइएको छैन तर पाठका आधारमा पाठयपुस्तकमा समावेश गरिएका अभ्यासले कार्यमूलक व्याकरणको उद्देश्य पूरा गर्ने देखिन्छ ।

'मेरो नेपाली' कक्षा ४ मा खाली ठाउँ भर (पृ.१८) मा खाली ठाउँमा तीनवटै कालका सामान्य रुपको क्रिया अभ्यासमा दिइएको छ । त्यसैगरी वाक्यको ढाँचा परिवर्तन गर (पृ.३८, ११३) मा पदसङ्गति मिलाउन पर्ने खालको

अभ्यास दिइएको छ । शब्दको रुप परिवर्तन (पृ.४६) मा सामान्य वर्तमानको शब्दलाई सामान्य भूत र सामान्य भविष्यतमा लैजाने अभ्यास दिइएको छ । कार्यमूलक व्याकरणले पदसङ्गति क्रियाको काल (सामान्य पक्ष) सिकाउने उद्देश्य राखे पनि अभ्यासमा क्रियाको अपूर्ण पक्ष र पूर्ण पक्ष, विभक्ति भर्न लगाउने करण अकरण पुरुष र लिङ्ग परिर्वतन, विपरीतार्थ शब्द दिने, वाक्य संश्लेषण, चिन्ह प्रयोग र वर्णविन्याससम्मका अभ्यासहरु दिइएका छन् ।

### ४.२.२.२.१ शब्दार्थ

शब्दार्थको उद्देश्य शब्दभण्डारको वृद्धि गर्न हो । कक्षा ४ मा कम्तीमा छ, सात शब्दसम्मका वाक्य बोल्न र लेख्न सक्ने अपेक्षा गरिएको र आफ्नो परिवेश र अन्य क्षेत्रका २५०० शब्दसम्मको शब्दभण्डार वृद्धि गर्न अपेक्षा पाठ्यक्रमले गरेको छ । प्रस्तुत पाठ्यपुस्तक शब्दभण्डार वृद्धि गर्न शब्द र अर्थको जोडा मिलाउने जस्ता अभ्यास राखिएको छ । उस्तै खालका शब्द पढी फरक अर्थ बुझ्न (पृ.३४) उदाहरण हेरी शब्दको रुप फेर (पृ.९९) तलका कुराहरु पढ र बुझ (पृ. ११७) र मिल्दा शब्द छानी खालीठाउँमा लेख र सार (पृ.१३०) जस्ता अभ्यासहरु प्रत्येक पाठमा राखिएका छन् । यिनीहरुले पनि शब्दभण्डारको वृद्धिमा सघाउ पुऱ्याउँछन् ।

### ४.२.२.३ विधाको क्षेत्र, क्रम र पाठहरु

प्रस्तुत पाठयपुस्तक ‘मेरो नेपाली’ कक्षा ४ मा पाँचवटा विधा समावेश गरिएका छन् । यी विधाहरु कथा, कविता, प्रबन्ध, संवाद र चिठी हुन् । यो विधाअन्तर्गत जम्मा २१ वटा पाठहरु रहेका छन् । प्रस्तुत पाठयपुस्तकमा पाठहरुको रखाइक्रम कविता, कथा, प्रबन्ध, कविता, कथा, प्रबन्ध, संवाद, कथा, प्रबन्ध, चिठी, कविता, कथा, प्रबन्ध रहेको छ । पाठहरुको रखाइक्रम उपयुक्त

रहेको छ । विधागत विविधतामा जीवनी विधाका पाठलाई समावेश गरीएको छैन ।

## ४.३ कक्षा ४ को नेपाली भाषा पाठ्यक्रमका आधारमा 'मेरो नेपाली माला'-४

'मेरो नेपाली' सरकारी तवरबाट प्रकाशित भएको र अनिवार्य रुपमा सामुदायिक विद्यालयहरुमा पठनपाठन हुनुपर्ने पाठय्पुस्तक हो भने 'मेरो नेपाली माला'-४ निजी तबरबाट प्रकाशित र निजी विद्यालयमा स्वेच्छाले प्रयोग गरिने र पाठ्यक्रम निर्माण संस्थाबाट पाठयपुस्तकको रुपमा स्वीकार नगरीएको पाठ्यसामग्री वा सन्दर्भ सामग्री हो । दुवै सामग्रीहरु पाठ्यक्रम अनुरुप भए नभएको कुरा ठम्याउनका लागि निम्नलिखित आधारमा तुलनात्मक अध्ययन गरिएको छः

### ४.३.१ उद्देश्य र पाठहरु (अभ्याससहित)

भाषिक सीप विकास गर्ने भाषा पाठ्यपुस्तकमा विभिन्न प्रकृतिका पाठ तथा भाषिक अभ्यासहरु दिइएका छन् । भाषिक अभ्यास अन्तर्गत शब्दार्थ, प्रश्नोत्तर, वाक्य निर्माण, शुद्ध उच्चारण व्याकरणको सही प्रयोग गर्ने अभ्यासहरु राखिएका पाइन्छन् । पाठ्यक्रमले तोके अनुरुप प्रस्तुत पाठ्यपुस्तकमा कविता, कथा, प्रबन्ध, जीवनी संवाद र चिठी गरी ६ विधाका पाठहरु दिइएका छन् ।

प्रस्तुत पाठ्यपुस्तकमा राखिएका संवाद, कथा, कवितालाई ध्यान दिएर सुनी आफ्ना विचार व्यक्त गर्नुपर्ने हुँदा यी विधाले सुनाइ र बोलाइ सीपको विकासमा सहयोग पुऱ्याउँछन् । त्यस्तै पढाइ तथा लेखाइ सीपको विकास गराउन पनि कविता, कथा, संवाद, जीवनी, प्रबन्ध विधा अन्तर्गतका पाठहरु उक्त पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ ।

कक्षा चारको 'मेरो नेपाली माला'मा जुनसुकै विधागत पाठहरुको अन्त्यमा शब्द र अर्थ दिइएको छ । यी अभ्यासहरुको अन्त्यमा शब्द र अर्थ दिइएको छ । यी अभ्यासहरुले शब्दभण्डार सम्बन्धी उद्देश्य पूरा गर्दछन् । प्रश्नोत्तर सम्बन्धी अभ्यासहरुले पठनबोध तथा लेखन सम्बन्धी उद्देश्यको आंशिक तह पूरा गरेको देखिन्छ । वाक्य बनाउने अभ्यासमा कार्यमूलक व्याकरणका नियम पालना गरी वाक्य बनाउनुपर्ने हुदाँ कार्यमूलक व्याकरणकै आंशिक उद्देश्य पूरा गर्न सहयोग पु¥याएको छ । खाली ठाउँ भर भन्ने अभ्यासमा उपयुक्त शब्द चयन तथा लिङ्ग, वचन, पुरुष, काल आदिको सङ्गति मिलाउनुपर्ने हुनाले उक्त अभ्यासले पनि कार्यमूलक व्याकरणकै उद्देश्य पूर्तिमा सघाउँछ । यस्तै शुद्ध उच्चारण सम्बन्धी अभ्यासले बोलाइ सीपको विकास गराउने देखिन्छ । जोडा मिलाउने अभ्यासहरुमा पनि सही शब्दचयन र बाक्य सङगति मिलाउनुपर्ने भएकोले यस्ता अभ्यास पनि कार्यमूलक व्याकरण कै नजिक पाइन्छन् ।

### ४.३.१.१ भाषिक सीप (सुनाइ बोलाइ)

सामग्रीमा यस सम्बन्धी अभ्यासहरुलाई विभिन्न विधाका पाठहरुमा रहेका शुद्धसँग उच्चारण गर्ने अभ्यासहरुले सुनाइ र बोलाइ सीपमा केही मात्रामा सहयोग पु¥याउने देखिन्छ । कविता विधा अन्तर्गत रहेका ५ वटा कविताका अभ्यासमा लय हालेर कविता पढ, सबै मिलेर पढ, तात्पर्य खुलाऊ, (पृ.४, ५६) जस्ता अभ्यासले सुनाइ बोलाइ सीपको विकास गराउने देखिन्छ । यस पाठ १८ बाहेक सबै पाठका अभ्यासमा मुखैले जवाफ देऊ अभ्यास राखिएका छन् । प्रत्येक पाठका अभ्यासमा मनपर्ने पढ्ने अभिनय गर्ने, सबैले सुन्ने गरी पढ्ने, आफ्नो विचार व्यक्त गर्ने आदिजस्ता अभ्यासहरु सुनाइबोलाइ सीप विकासका लागि समावेश गरिएका छन् । त्यस्तै शुद्ध उच्चारणका लागि २० र शुद्ध गरी लेख्न १४ वटा अभ्यासहरु समावेश गरिएका छन् । पाठ्यक्रमले सुनाइ सीपको पाठ्यभार ३८ र अंकभार (प्रतिशतमा) १५% कायम गरिएको छ । त्यस्तै

बोलाई ५१ पाठ्यभार र अंकभार २०% कायम गरिएको छ । पाठ्यक्रमले कायम गरेअनुसार पाठ्यपुस्तकमा अभ्यासहरु पर्याप्त नै देखिन्छन् ।

**४.३..१.२. पढाइ**

प्रस्तुत पाठ्यपुस्ततकमा समावेश गरिएका २० वटै पाठहरुले पठनबोधको विकास गराउने देखिन्छन् । पाठसँग सम्बन्धित ४५ वटा प्रश्नोत्तरका अभ्यासहरु राखिएका छन् । पढ्न लगाउने १७ वटा अभ्यासहरु रहेका छन् । त्यस्तै पठनलाई सहयोग पुऱ्याउने ठिक बेठिक छुट्याउने १२ वटा शुद्ध उच्चारण गर्न २० वटा अभ्यास राखिएका छन् । त्यसैगरी पढ र बुझ र कसको कसलाई भनेको हो ? जस्ता पाठमा राखिएका अभ्यासले पनि पढाइ सीपलाई टेवा दिने देखिन्छ । पाठयपुस्तकमा उच्चारण गर, पढेर सुना ऊ, संवादमा 'मिङमा र टाँसी' संवाद सनाऊ । नमूनापत्र पढ ,खाली ठाउँ भर जस्ता अभ्यासले विद्यार्थीको दृष्टिले कठीन ठानेका शब्द साइनबोर्ड, सरल बालसाहित्य, अनुच्छेद, संवाद, पोस्टर आदि पढ्न सक्ने उद्देश्य पूरा गर्ने देखिन्छ । पाठ्यक्रमले पढाइ सीपको लागि ७७ पाठ्यभार र ३०% अंकभार निर्धारण गरेको छ ।

**४.३.१.३ लेखाइ**

अन्य सीपको तुलनामा लेखन सीपलाई नै पाठ्यसामग्रीले जोड दिएको पाइन्छ । नमूना अभ्यासमा दिइएका प्रश्नोत्तर, खाली ठाउँ भर्ने, शुद्ध गरी लेख्ने शब्दको रुप बदल्ने, चित्र हेरेर बर्णन गर्ने, तालिकाबाट वाक्य बनाउने जस्ता अभ्यासबाट विद्यार्थीको लेखाइ सीपको विकास गराउने लक्ष्य राखिएको छ । नमूना अभ्यासमा सच्याएर कापीमा सार जस्ता अभ्यास पनि दिइएको छ । त्यसैगरी , प्रश्नोत्तर, वाक्यमा प्रयोग, जोडा मिलाउने अभ्यासहरु सम्पूर्ण पाठमा दिइएको छ । यसमा अतिरिक्त कसले भनेको हो ? लेख, ७ वटा अभ्यास, शुद्ध गरी लेख्ने १४ वटा,उत्तर लेख्ने ४५ वटा, वाक्यमा प्रयोग गर्ने

२० वटा अभ्यास राखिएका छन् । त्यसै गरी एउटा बुझाउने र समूह बुझाउने नाम लेख, छुन र देख्न सकिने तथा नसकिने नाम लेख, प्यारो साथी कछुवा झरेर मरेपछि हाँसहरुले के गरे होला ? कल्पना गरेर लेख, उल्टो अर्थ आउने शब्द लेख, कसलाई के भनिन्छ लेख, अनुच्छेद पढ र मोटा अक्षरका ठाउँमा उनी, उनले, उनका लेखेर ती वाक्य फेरि कापीमा सार, पाठमा आएका जनावरका नाम लेख, एक अनुच्छेदमा वर्णन गर, राष्ट्रिय रङ सिम्रिकका बारेमा एक अनुच्छेद लेख, जस्ता अभ्यासहरु पाठयपुस्तकमा यथेष्ट मात्रामा प्रयोग गरीएको छ । पाठ्यपुस्तकमा राखेका यस्ता अभ्यासहरुले लेखाइ सीपअन्तर्गत सीप विकासका लागि पाठ्यक्रमले ७७ पाठ्यभार ३०% अंकभार कायम गरिएको छ ।

### ४.३.२ भाषिक सीप विकासका क्षेत्रहरु

#### ४.३.२.१ उच्चारण

पाठ्यसामग्री उच्चारण सम्बन्धी पनि अभ्यास राखिएका छन् । सबै शब्दको शुद्धसँग सच्चारण गर्न सक्नेछन् भनी पाठ्यसामग्रीका हरेक पाठका अभ्यासमा १/१ वटा शुद्धसँग उच्चारण गर्न, अभ्यास राखिएका छन् । यस्तै कविता लय हालेर पढ्ने, चित्रको वर्णन गर्ने जस्ता अभ्यासका माध्यमले उच्चारण सीपको विकास गराउन खोजेको देखिन्छ ।

#### ४.३.२.२ बोध (श्रुतिबोध र पठनबोध)

बोध सीप विकासका लागि सुनेका र पढेका विषयवस्तुमा भएका घटना र विचारहरुमा विद्यमान कारण र असरको सम्बन्ध व्यक्त गर्ने माध्यम हो । कुनै पाठ्यवस्तु सुनिसकेपछि वा पढिसकेपछि सोधिएका प्रश्नका सम्बन्धमा आफ्नो विचार व्यक्त गर्न सक्ने सीपहरु यसअन्तर्गत राखिएका छन् । यी उद्देश्य पूरा गर्न पाठ्यपुस्तकमा प्रश्नोत्तर, कसले कसलाई भनेको हो ? जस्ता अभ्यास

दिएका छन् । पाठ्यपुस्तकमा राखिएका प्रायः सबै पाठहरु पठनबोध सम्बन्धी सीपको विकास गराउने खालका छन् । त्यस्तै ठिक बेठिक छुट्याउने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, कविता पूरा गर्ने र प्रायः हरेक पाठमा शिक्षकबाट सुन र उच्चारण गर जस्ता अभ्यासले श्रुतिबोध र पठनबोधलाई सहयोग पुऱ्याउने देखिन्छ ।

**४.३.२.३ कार्यमूलक व्याकरण**

पाठ्यपुस्तकमा व्याकरण सम्बन्धी भनेर व्याकरण ज्ञानअन्तर्गत विभिन्न अभ्यासहरु दिएका छन् । व्याकरण ज्ञान भित्र ५५ अभ्यासहरु समावेश गरिएका छन् । पाठ एकमा पढ र बुझ भनेर सामान्य भूत, वर्तमान, भविष्यत्कालका वाक्यहरु दिएका छन् र तिनीहरुकै पाँच पाँच वाक्य लेख्न दिएका छन् भने पाठ दुईमा समूहवाचक नाम, व्यक्तिवाचक, जातिवाचक, द्रव्यवाचक नामका अभ्यासहरु दिइएका छन् । त्यसैगरि खाली ठाउँ भर्ने, करण, अकरण, लिङ्ग, विशेषण, वचन, निपात, सर्वनाम चिन्ह प्रयोग, विभक्ति, उखान र तीनका अर्थ, जोडा मिलाउने जस्ता अभ्यासहरु पाठ्यपुस्तकमा दिएका छन्, तरपनि पाठ्यक्रमले निर्देश गरेअनुसार  पर्याप्त अभ्यासहरु पाठ्यपुस्तकमा राखिएका छैनन् ।

**४.३.२.३.१ शब्दकोश**

प्राथमिक पाठ्यक्रमले बाल शब्दकोषको प्रयोग गर्न सक्ने उद्देश्य राखेको भएता पनि पाठ्यपुस्तकमा यस सम्बन्धी अभ्यासहरु राखिएका छैनन् । यस सम्बन्धमा पाठ्यपुस्तक मौन देखिन्छ ।

**४.३.२.३.२ शब्दभण्डार**

शब्दभण्डारअन्तर्गत पाठ्यक्रमले २५०० शब्दहरु प्रयोग गरी बोल्न सक्ने उद्देश्य राखिएको छ । जसमा पाँच सय शब्दहरु नयाँ हुनुपर्ने भनिएको छ । पाठयपुस्तकमा यस्ता नयाँ शब्दहरु त्यति धेरै प्रयोग गरीएको पाइदैन । पाठ्यक्रमले निर्देश गरेअनुरुप शब्दभण्डार वृद्धि गर्ने अनुकरणात्मक, साँस्कृतिक शब्द, विपरीतार्थक, पयार्यवाची र सामान्यार्थ शब्दहरु यथेष्ट मात्रामा प्रयोग गरिएको छैन ।

#### ४.३.२.३.३ वाक्यमा शब्द सङ्ख्या

पाठ्यक्रमले कम्तिमा ६/७ शब्दसम्मका वाक्य बोल्न र लेख्न सक्ने अपेक्षा गरेको छ भएतापनि पाठ्यपुस्तकमा भने एकदेखि तीन शब्दसम्मका वाक्य राखिएकोले वाक्य संरचना पाठ्यक्रमअनुरुप देखिदैन ।

### ४.३.४ विधाको क्षेत्र, क्रम र पाठहरु

प्रस्तुत पाठ्यपुस्तक 'मेरो नेपाली माला'मा ६ वटा विधाका पाठहरु सामावेश गरिएको छ । उक्त विधाहरुमा कविता, कथा, प्रबन्ध, जीवनी, संवाद, चिठी रहेका छन् । विधागत पाठ संख्याका दृष्टिले कविता पाँच वटा, कथा सात वटा (चित्र, कथा समेत) प्रबन्ध चार वटा, चिठ्ठी एक वटा, संवाद एक वटा र जीवनी दुई वटा रहेका छन् । प्रस्तुत पाठ्यपुस्तकमा पाठहरुको रखाइक्रम कविता, कथा, प्रबन्ध, जीवनी, कविता, कथा, प्रबन्ध, चिठी, कथा, कविता, प्रबन्ध, कथा, संवाद, कथा, कविता, कथा, प्रबन्ध, चित्रकथा, जीवनी, कविता, रहेका छन् । पाठहरुको रखाइक्रम उपयुक्त  देखिन्छ ।

## ४.४ निर्धारित भाषा पाठयपुस्तको तुलनात्मक अध्ययन

भाषा पाठ्यपुस्तकको अध्यायन विश्लेषण गर्ने कार्य आफैमा जटिल कार्य हो । यसमा पनि पाठ्यपुस्तकहरुको तुलनात्मक अध्यायन-विश्लेषण कार्य त झन् गाह्रो काम हुन्छ । अतः भाषा पाठ्यपुस्तकलाई आन्तरिक र बाह्य गरी दुई प्रकारमा अध्यायन गर्ने कार्य भएको छ । यसै आधारमा यहाँ 'मेरो नेपाली' कक्षा चार र 'मेरो नेपाली माला' कक्षा- ४ को सँगै राखेर तुलनात्मक अध्यायन गरिएको छ ।

### ४.४.१ आन्तरिक वा शैक्षिक पक्ष

'मेरो नेपाली' कक्षा- ४ र 'मेरो नेपाली माला' कक्षा- ४ का दुवै पाठ्यपुस्तक नेपाली भाषा पाठ्यक्रमअनुरुप तयार पारिएका हुन् । दुवैमा राखिएका विषयवस्तु पौराणिक, सामाजिक, नैतिक, धार्मिक, चारित्रिक, उपदेशात्मक, सूचनामूलक, प्राकृतिक वर्णन आदि क्षेत्रलाई आधार बनाएर निर्माण गरिएका हुन् । कक्षा चारको 'मेरो नेपाली'मा राखिएका विषयवस्तु देशप्रेम, नैतिक श्रममूलक, प्रकृतिपरक, सामाजिक र लोकजीवनसँग सम्बन्धित क्षेत्रको प्रतिनिधित्व गर्ने किसिमका छन् । यी विषयवस्तुहरुले मूलतः राष्ट्र, राष्ट्रियता, सहयोग, कर्तव्य, मेलमिलाप, उपदेश, वातावरण, श्रम दिएका छन्, भने कक्षा- ४ को 'मेरो नेपाली माला'मा राखिएका विषयवस्तु देशप्रेम, नैतिक, प्राकृतिक, सामाजिक, श्रममूलकसँग सम्बन्धित क्षेत्रको प्रतिनिधित्व गर्ने खालका छन् । यी दुवै पाठ्यपुस्तकमा राखिएको विषयवस्तुको क्षेत्रलाई तलको तालिकामा देखाइन्छः

**तालिका नं. ५**

| क्र.स. | किताब | कविता | कथा | प्रबन्ध | संवाद | चिठी |
|---|---|---|---|---|---|---|
| १ | 'मेरो नेपाली' | राष्ट्रप्रेम<br>मातृत्व<br>प्रेम<br>उपदेश<br>प्रकृतिप्रेम<br>लगनशीलता | पौराणिक<br>नैतिक<br>उपदेश<br>सामाजिक<br>लोककथा<br>समावेशी<br>पौराणिक | विवरणात्मक<br>वर्णनात्मक<br>आत्मपरक<br>वर्णनात्मक<br>निपात्रमूलक<br>विवरणात्मक<br>वर्णनात्मक | सामाजिक<br>प्रकृति<br>चेतना | घरयासी<br>चिठी<br>निवेदन |
| २ | मेरो नेपाली माला | प्राकृतिक<br>नैतिक<br>उपदेश<br>उपदेश<br>राष्ट्रप्रेम<br>गौरब | उपदेश<br>नैतिक<br>सामाजिक<br>उपदेश<br>सामाजिक<br>उपदेश | विवरणात्मक<br>वर्णनात्मक<br>विवरणात्मक<br>वर्णनात्मक | प्रकृति<br>चेतना<br>जीवनी<br>साहित्यिक | विद्यालय<br>(<br>निवेदन) |

### ४.४.१.१ विधा तथा प्रस्तुति

भाषा पाठ्यपुस्तकमा साहित्यका विभिन्न विधाहरु राखिएका हुन्छन् । ती विधाहरुको आ-आफ्नो संयोजन हुन्छ । भाषा पाठ्यपुस्तकमा राखिने विषयवस्तुहरु विधाअनुरुप नै हुनुपर्छ । भाषा पाठ्यपुस्तकमा राखिएका विभिन्न विधाअन्तर्गतका पाठहरुबाट विभिन्न भाषिक सीप विकासको अपेक्षा गरिएको हुन्छ । जसका लागि विधाअनुसार नै विषयवस्तु राखिनुपर्दछ । एक विधामा अर्को विधाको विषयवस्तु राखिएको खण्डमा त्यस विधाबाट अपेक्षित उद्देश्य पूरा हुन सक्दैन, तसर्थ भाषा पाठयपुस्तकको स्थिति निम्नानुसार भएको पाइन्छ । कक्षा ४ को 'मेरो नेपाली'मा, कविता, कथा, प्रबन्ध, संवाद र चिठी

गरी पाँच विधाअन्तर्गतका २१ वटा पाठ राखिएका छन् । दुई पाठयपुस्तकको विधाबाट विवरणलाई तलको तालिकाद्वारा स्पष्ट गर्न सकिन्छः

**तालिका नं. ६**

**४.४.१.१.१ दुई पाठ्यपुस्तकको विधागत स्थिति**

| क.स. | विधा | 'मेरो नेपाली' | मेरो नेपाली माला |
|---|---|---|---|
| १ | कविता | ५ | ५ |
| २ | कथा | ६ | ७ |
| ३ | प्रबन्ध | ६ | ४ |
| ४ | जीवनी | | २ |
| ५ | संवाद | २ | १ |
| ६ | चिठी | २ | १ |
| जम्मा | | २१ | २० |

दुवै पाठ्यपुस्तक मध्ये 'मेरो नेपाली'मा कविता, कथा, प्रबन्ध, संवाद, र चिठी पाठहरु समावेश गरेका छन् भने 'मेरो नेपाली माला'मा कविता, कथा, प्रबन्ध, जीवनी, संवाद र चिठी पाठहरु समावेश गरीएको छ । दुवै पाठ्यपुस्तकमा राखिएका विधाअन्तर्गत 'मेरो नेपाली' र 'मेरो नेपाली माला' दुवै पाठ्यसामग्रीमा पाठ्यक्रमले निर्देशित गरेअनुरुप विधाअन्तर्गतका पाठहरु कम/वेसी देखिन्छन् । 'मेरो नेपाली'मा कविता, कथा, प्रबन्ध, कविता, कथा, प्रबन्ध, संवाद, कथा, प्रबन्ध, चिठी, कविता, कथा, प्रबन्ध, संवाद, निवेदन, कविता, कथा, प्रबन्ध, कविता, कथा, प्रबन्धका क्रममा राखिएको छ भने मेरो नेपाली मालामा कविता, कथा, प्रबन्ध, चित्रकथा, जीवनी, कविताको क्रममा राखिएको छ । दुवै किताबले पाठको आरम्भ कविता विधाबाट गरेका छन् ।

भने दुवै विधामा कवितापछि कथा रहेका छन् । तेस्रो पाठमा दुवैमा प्रबन्ध विधा रहेको छ । दुवै पाठ्यपुस्तकमा राखिएका छन् यस अर्थमा हेर्दा 'मेरो नेपाली' र 'मेरो नेपाली माला' दुवै उपयुक्त देखिन्छ ।

### ४.४.१.१.२ भाषिक संरचना र शैली

भाषा पाठ्यपुस्तकमा भाषिक संरचना र शैली विद्यार्थीको क्षमताअनुकूल हुनुपर्छ । प्राथमिक तहका पाठ्यपुस्तकमा प्रयोग गरिने भाषिक संरचना र शैली प्राथमिक तह अनुरुपकै हुनुपर्छ । यिनै कुरालाई ध्यानमा राखी भाषिक संरचना र शैलीका दृष्टिबाट उक्त दुई पाठ्यपुस्तकको तुलना गरिएको छ ।

वाक्य गठन र शब्द चयनका दृष्टिले विचार गर्दा उक्त दुवै पाठ्यपुस्तकमा उपयुक्त भाषा शैली, शब्द चयन तथा गठन, सरल र स्तरअनुरुप नै देखिन्छ । 'मेरो नेपाली'मा एक शब्द 'हवस्' पृ.३६ देखि २२ शब्द राजकुमारले जवाफ दिए, "सुन्नुहोस् सानै छदाँ त यी विरुवाको पात यति तिता छन् । ठुलो भएपछि त यिनमा विषको फल्ने हो कि"। (पृ.२१) सम्मका वाक्य छन् । भने मेरो नेपाली मालामा एक वाक्यमा १ शब्द नमस्ते ! (पृ.७१) देखि ३४ शब्द ( पृ.८०) "कसरी बाँच्थ्यो होला ? हो, घाइते परेवाको शरीरबाट बगेको जति रगत अरु कुनै चराले उसलाई रक्तदान गरेर उसको घाउँमा तत्काल मलमपट्टी गरिदिएको भए ऊ पक्कै पनि बाँच्थ्यो तर त्यो जङ्गलमा घाइते परेवालाई बचाउन कोही तयार भएनन्" सम्मका वाक्य छन् ।

विधागत पाठहरुको संरचनालाई लम्वाइका दृष्टिबाट हेर्दा 'मेरो नेपाली'मा पहिलो कविता १८ पङ्क्तिको छ भने त्यसपछिका क्रमशः २५, १६, २४, २० पङ्क्तिका छन् । 'मेरो नेपाली माला'मा पहिलो कविता २० पङ्क्तिको छ । भने त्यसपछिका क्रमशः १६, १०, १६, १८ पङ्क्तिका छन् । 'मेरो नेपाली'मा कथाहरु ५२, ५३, ७२, ५३, ११४, र ५२ वाक्यमा रहेका छन् भने 'मेरो नेपाली

माला'मा ३६, ३७, ५६, ४३, ४०, ५९, ४० वाक्यमा रहेका छन् । 'मेरो नेपाली'मा वाक्यको संरचना मिलेको छैन । २ वटा पाठमा ५२ वाक्यमा, २ वटा पाठमा ५३ वाक्य एउटा पाठमा ७२ वाक्य र एउटा पाठमा ११४ वटा वाक्य रहेका छन् । विधाको लम्वाइक्रम मिलेको देखिन्छ । अन्य पाठहरुको विधागत रखाइक्रम र सन्तुलन मिलेका छन् । 'मेरो नेपाली' तुलनातमक रुपमा कक्षा ४ मा विद्यार्थीको स्तरअनुकूल रहेको पाइन्छ । सरकारी विद्यालयमा पढाइने भएकोले देशभरका विद्यार्थीको स्तरलाई ध्यानमा राखी सरलतर्फ उन्मुख भएको पाइन्छ । लामा वाक्यहरु प्रयोग गरिनु पाठयपुस्तकको कमजोरी हो समग्रमा हेर्दा 'मेरो नेपाली माला' पनि कक्षा चारका विद्यार्थीको स्तरअनुकूल नै देखिन्छ । विधाहरुको वाक्य गठनदेखि विधाहरुको रखाइक्रम समेत उपयुक्त देखिन्छ । निजी विद्यालयमा पढाइ हुने भएपनि सरल र सहज देखिन्छ ।

विधागत शैलीका दृष्टिबाट हेर्दा दुवै पाठयपुस्तकका कविताहरु लयवद्ध छन् । गद्य पवधाका पाठहरुमा प्रबन्ध विधाका पाठहरु वर्णनात्मक र विवरणात्मक छन् ।

### ४.४.१.१.३ नमुना अभ्यास

भाषा शिक्षण गर्ने कार्य विधाका पाठहरु बाट मात्र सम्भव छैन । यसका लागि नमूना अभ्यासको पनि खाँचो पर्दछ । भाषा सीप विकासको अपेक्षा गरिएको हुन्छ । हुनत पाठ्यपुस्तकमा राखिएका अभ्यासहरुको मात्र पाठ्यक्रमले अपेक्षा गरेका भाषिक सीपहरुको विकास गराउन पनि कठीन नै हुन्छ । यस्तो अवस्थामा पाठहरु र नमुना अभ्यासको सहायताले भाषिक सीप विकास गराउन सकिन्छ । पाठ्यपुस्तकमा राखिएका अभ्यासहरुले शिक्षकलाई भाषिक सीप सम्बन्धी अभ्यास गराउन थप सहयोग पुऱ्याउँछन् । भाषिक सीप विकासका लागि भाषा पाठ्यपुस्तकमा राखिएका अभ्यासहरु पर्याप्त नहुने

हुनाले यिनलाई नमूना अभ्यास मानिन्छ । नमुना अभ्यासकै आधारमा शिक्षकले अन्य थप अभ्यास गराउने भएकाले नमूना अभ्यास प्रभावकारी हुनु आवश्यक मानिन्छ । दुवै पाठ्यपुस्तकमा राखिएका नमूना अभ्यासको तुलनात्मक अध्ययन निम्नानुसार गरिन्छ ।

दुवै पाठ्यपुस्तकमा विधागत पाठहरुपछि अभ्यासहरु राखिएका छन् । 'मेरो नेपाली'मा शब्दार्थ सम्बन्धी अभ्यासहरु विच-विचमा दिइएका छन्, भने 'मेरो नेपाली माला' मा अभ्यासको सुरुमा शब्द र अर्थ राखी त्यसपछि मात्रै अन्य अभ्यासहरु दिइएका  छन् । 'मेरो नेपाली'मा दिइएका अभ्यासहरु अधिकांश जोडा मिलाउने छन् भने कतै शब्दको अर्थ पढ र बुझ भनी दिइएको छ तर 'मेरो नेपाली माला' मा भने शब्दको अर्थ साथै दिइएको छ । पाठयपुस्तकमा दिइएका नमूना अभ्यास 'मेरो नेपाली' मा ८ वटादेखि १६ वटासम्म छन्, भने 'मेरा नेपाली माला' मा १३ वटादेखि २१ वटासम्म रहेका छन् । दुवै पाठ्यपुस्तकमा रहेका अभ्यास, तिनको प्रकृति र सङ्ख्यालाई तलको तालिकाबाट देखाउन सकिन्छः

**तालिका नं. ७**

| क.सं. | अभ्यासको प्रकृति | अभ्यास सङ्ख्या | |
|---|---|---|---|
| | | 'मेरो नेपाली' | मेरो नेपाली माला |
| १ | शब्दभण्डार | ७५ | ८६ |
| २ | प्रश्नोत्तर | ३९ | ४७ |
| ३ | वाक्य निर्माण | २१ | २० |
| ४ | शुद्ध गरी लेख | २१ | १४ |
| ५ | व्याकरण | १३ | ५५ |
| ६ | तालिकाबाट वाक्य बनाऊ | ४ | १ |

| | | | |
|---|---|---|---|
| ७ | लेखाइ | ३१ | ३४ |
| ८ | उच्चारण | ७ | २० |
| ९ | खाली ठाउँ भर | १६ | २५ |
| १० | जोडा मिलाऊ | २ | १३ |
| ११ | पढाइ | ९ | १८ |
| १२ | सुनाइ बोलाइ | २१ | ८ |
| १३ | कोठेपद | १ | |
| १४ | पाठसँग सम्बन्धित अन्य | ५२ | |
| १५ | उल्टो अर्थ लेख | | ११ |
| १६ | ठिक वेठिक छुट्याउने | | १२ |

नमुना अभ्यासहरु 'मेरो नेपाली'मा ३१४ वटा रहेका छन् । 'मेरो नेपाली'ले नमुना अभ्यासलाई पाठ्यक्रममुखी वनाएको छ । भाषिक सीपको विकासमा यसमा अभ्यासहरु राखिएका छन् । 'मेरो नेपाली'मा सुनाइ बोलाइ सीपको विकास गर्न पढ र बुझ, शुद्ध उच्चारण गर लय हालेर पढ लेखाइ सीपको विकास गर्न प्रश्नोत्तर लेख जस्ता अभ्यासहरु समाबेश गरीएको छ । 'मेरो नेपाली माला' मा पनि यस्तै प्रकृतिका 'मेरो नेपाली'मा भन्दा बढी अभ्यासहरु समावेश गरिएको छ । भाषिक सीप सम्बन्धी अभ्यासमा सुनाइ बोलाइ भन्दा पढाइ लेखाइका बढी अभ्यासहरु रहेका छन् । दुवै पाठ्यपुस्तकमा राखिएका अभ्यासहरु एकभन्दा बढी भाषिक सीपको विकास गर्ने किसिमका छन् । व्याकरणका अभ्यासहरु 'मेरो नेपाली'मा भन्दा बढी 'मेरो नेपाली माला' मा राखिएका छन् । कार्यमूलक व्याकरणका नियमहरु कण्ठ गर्नुपर्ने अभ्यास नराखिनु दुवै पाठ्यपुस्तकको राम्रो पक्ष हो ।

### ४.४.१.१.४ चित्र

दुवै पाठ्यपुस्तकमा चित्रको प्रयोग गरिएको छ । 'मेरो नेपाली'मा चिठी र निवेदनका पाठहरुबाहेक सबै पाठमा कम्तिमा एउटा र बढीमा ६ वटासम्म चित्रको प्रयोग गरिएको छ । जम्मा ६२ चित्रको प्रयोग गरीएको छ । यस पाठ्यपुस्तकका पाठअन्तर्गत ५४ र अभ्यासअन्तर्गत ८ गरी जम्मा २२४ वटा चित्रको प्रयोग गरिएको छ । पाठ १, ५ र २० को अभ्यासमा क्रमशः १, १, १ र २ वटा चित्रको प्रयोग गरिएको छ, भने अभ्यास ९ मा ४ वटा चित्रको प्रयोग गरिएको छ । 'मेरो नेपाली माला'मा जम्मा ६९ वटा चित्र प्रयोग गरिएको छ । यस पाठ्यपुस्तकमा पाठअन्तर्गत ५७ वटा र अभ्यासअन्तर्गत १२ वटा गरी जम्मा ६९ वटा चित्रको प्रयोग गरिएको छ । 'मेरो नेपाली'मा कुनै कुनै चित्रहरु अस्पष्ट छन् भने 'मेरो नेपाली माला'मा समावेश गरेका चित्रहरु आकर्षक, स्पष्ट र बोधगम्य छन् ।

### ४.४.१.१.५ भूमिका तथा निर्देशन

पाठ्यपुस्तकको परिचय तथा प्रयोग सम्बन्धी केही जानकारी राखिनु पर्दछ । दुवै पाठ्यपुस्तकमा जानकारीहरु छन् । भूमिका तथा निर्देशनअन्तर्गत 'मेरो नेपाली' मा जम्मा ५ पृष्ठहरु रहेका छन् । प्रथम पृष्ठमा पाठ्यसामग्रीको नाम र कक्षा, दोस्रो खाली र तेस्रो पृष्ठमा पाठ्यसामग्रीको नाम, कक्षा र प्रकाशक संस्थाको नाम, सर्वाधिकार र संस्कारण राखिएको छ । चौथो पृष्ठमा हाम्रो भनाइ राखिएको छ । पाँचौं पृष्ठमा विषयसूची दिइएको छ । 'मेरो नेपाली माला' मा भूमिका तथा निर्देशनअन्तर्गत ५ पृष्ठहरु राखिएका छन् । किताबको भित्री पृष्ठमा किताबको नाम, कक्षा प्रमुख सम्पादक र लेखक तथा सम्पादक र युनाइटेड (UNITED) नेपाल पब्लिकेशन प्रा.लि. काठमाडौं नेपाल, लेखिएको छ । त्यसैगरी 'मेरो नेपाली' को दोस्रो पृष्ठमा प्रकाशन, सर्वाधिकार

संस्करण, मुद्रण र सुझावका लागि सूचना राखिएको छ । तेस्रो पृष्ठमा हाम्रो भनाइअन्तर्गत सूचना र जानकारी दिइएको छ । विषयसूचीमा 'मेरो नेपाली'ले पाठ, पाठशीर्षक, विधा, पृष्ठ सबै छुट्याएर दिइएकोछ । त्यसैगरी 'मेरो नेपाली माला' मा पनि पाठ, पाठशीर्षक, विधा पृष्ठ सबै छुट्याएर दिइएको छ ।

## ४.४.२ बाह्य वा भौतिक पक्ष

### ४.४.२.१ पुस्तकको आकार

'मेरो नेपाली' ६९ चौडाइ र ९.६ लम्बाइको आयतनमा फैलिएको छ भने मेरो नेपाली माला १७ से.मी., चौडाइ र २३ से.मी. लम्बाइमा फैलिएको छ । बाह्य रुपबाट हेर्दा 'मेरो नेपाली'भन्दा 'मेरो नेपाली माला' बढी आकर्षक चिल्लो र राम्रो छ ।

### ४.४.२.२ कागज

'मेरो नेपाली'मा प्रयोग भएको कागज पातालो र हल्का पहेँलो रङ्गको छ । आवरणमा प्रयोग भएको कागज केही मोटो भएतापनि त्यति टिकाउ देखिंदैन । मेरो नेपाली मालामा प्रयोग भएको कागज बाक्लो, चिल्लो र सेतो रङ्गको छ आवरणमा प्रयोग भएको कागज केही मोटो नेपाली किताब भद्दा 'मेरो नेपाली माला' बढी आकर्षक टिकाउ र उपयुक्त देखिन्छ ।

### ४.४.२.३ बँधाइ र सिलाइ

पाठ्यपुस्तको बँधाइ स्टेपपिनले भन्दा धागोले सिलाएको राम्रो मानिन्छ तर यहाँ दुबै पुस्तकमा धागो प्रयोग नगरी स्टेपपिनलाई आवरणले छोपिएको छ र बँधाइका हिसाबले दुवै उस्तै खालका देखिन्छन् ।

### ४.४.२.४ छपाइ

भाषा पाठ्यपुस्तकको छपाइ सफा र स्पष्ट हुनुपर्छ । मसीको वितरण सन्तुलित र एकैनासका हुनुका साथै शब्द र शब्दका विच दूरी मिलेको हुनुपर्छ । यसका आधारमा हेर्दा 'मेरो नेपाली'को छपाइ सफा र गल्ती नभएको पाइन्छ । मसीको वितरण समान ढङ्गले भएको पाइँदैन , मेरो नेपाली मालामा मसीको वितरण राम्रोसँग गरीएको छ; यसमा कालो, नीलो र सेतो मसीको प्रयोग गरी अक्षरहरुलाई आकर्षक बनाइएको छ । छपाइसम्बन्धी त्रुटिहरु देखिंदैन । यी दुईमा पहिलोभन्दा दोस्रोनै विद्यार्थीका लागि बढी अनुकूल र आकर्षक देखिन्छ ।

### ४.४.२.५ मूल्य

भाषा पाठ्यपुस्तकहरु सर्वसाधारणहरुले पनि प्रयोग गर्न सक्ने गरी कम मूल्य निर्धारण गर्नु उचित हुन्छ । 'मेरो नेपाली'को प्रकाशन सरकारी स्तरबाट भएको हुनाले रु. ३२।३० पैसा मात्र तोकिएको छ भने मेरो नेपाली माला निजी क्षेत्रबाट प्रकाशन गरीएको भएर पनि होला यसको मूल्य सर्वसाधारणको पहुँच भन्दा टाढा देखिन्छ । यसको मूल्य रु १६०.०० तोकिएको छ । यी दुईमा तुलना गर्दा पहिलोलाई ज्यादै सरल र दोस्रोलाई धेरै महँगो र गरिबको ढाड सेकाउने किसिमको रहेको छ भन्दा अन्यथा नहोला ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## ५.१ निष्कर्ष

पाठ्यक्रम विकास केन्द्रद्वारा तयार पारिएका कक्षा ४ को 'मेरो नेपाली' सरकारी/सामुदायिक विद्यालयमा अनिवार्य पाठयपुस्तकको रुपमा लागु गरीएको पाठयपुस्तक हो भने निजीस्तरमा 'युनाइटेड नेपाल पब्लिकेशन प्रा.लि.' द्वारा प्रकाशित 'मेरो नेपाली माला' निजी/संस्थागत विद्यालयहरुमा पठनपाठन हुने पाठ्यसामग्री हो । दुवै पाठ्यसामग्री पाठ्यक्रमअनुरुप निर्माण गरिएका छन्/छैनन् दुवै पाठयपुस्तकको नमुना अभ्यास, विधागत वितरण, आन्तरिक र बाह्य पक्षको तुलनात्मक अध्ययन प्रस्तुत शोध कार्यबाट प्राप्त निष्कर्ष र सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छः

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित 'मेरो नेपाली' र प्रा. डा.केदारप्रसाद शर्मा, भोला ओझा, लावण्य ढुङ्गानाद्वारा सम्पादित 'मेरो नेपाली माला' सामान्यतः दुवै सामग्रीमा सम्पादित पाठ्यक्रमअनुरुप नै देखिन्छन् ।

दुबै सामग्रीमा सम्पादित पाठ्यविधाहरु पाठ्यक्रमद्वारा निर्दिष्ट विधाभन्दा बाहिर गएका छैनन् । तर दुवैमा पाठगत सङख्यामा केही कमजोरी भने देखिन्छ । 'मेरो नेपाली'मा २१ वटा पाठ रहेका छन् भने 'मेरो नेपाली माला'मा २० वटा मात्र पाठसङ्ख्या रहेका छन् । जसले गर्दा दोस्रोभन्दा पहिलो पाठ्यक्रमले तोकेको विधागत पाठसङ्ख्याको निकट देखिन्छ ।

दुवै पाठ्यसामग्रीमा सुनाइ, बोलाइ र पढाइ सीपमा भन्दा लेखाइ सीपमा नै बढी जोड दिइएको पाइन्छ ।

दुवै पाठ्यसामग्रीमा विधामा केही फरक देखिएको छ । 'मेरो नेपाली'मा जीवनी विधालाई समावेश गरीएको छैन तर 'मेरो नेपाली माला'मा जीवनी विधालाई समावेश गरीएको छ ।

भाषिक सीप विकासका लागि 'मेरो नेपाली'ले भन्दा 'मेरो नेपाली माला'ले बढी समेटेको छ ।

नेपाली भाषा पाठ्यक्रमले कम्तिमा ६, ७ शब्दसम्मका वाक्य बोल्न र लेख्न सक्ने अपेक्षा गरेको भए पनि 'मेरो नेपाली'मा १-२२ र 'मेरो नेपाली माला'मा १-३४ शब्दसम्मका वाक्य रहेको पाइयो ।

नमूना अभ्यासहरु 'मेरो नेपाली'मा ३१४ र 'मेरो नेपाली माला'मा ३२५ वटा रहेका छन् ।

दुवै पाठयपुस्तकमा चित्रहरुको प्रयोग गरिएको भएतापनि 'मेरो नेपाली'मा भन्दा 'मेरो नेपाली माला'मा समावेश गरिएका चित्रहरु आकर्षक, रङ्गीन र ठुला खालका रहेका छन् ।

'मेरो नेपाली' मा कठिन शब्दहरुलाई केही ठुला आकारमा देखाइएको छ ।

'मेरो नेपाली' मा एउटै कालो रङ्गको मसीको प्रयोग भएको छ भने 'मेरो नेपाली माला' 'कालो, नीलो र सेतो' रङ्गको मसीको प्रयोग भएको पाइन्छ ।

वाह्य आवरण रङ्गीन र चिल्लो हुनाले "मेरो नेपाली माला" बढी आकर्षक देखिन्छ । कागजको गुणस्तर पनि 'मेरो नेपाली माला' को राम्रो रहेको छ ।

मेरो नेपाली माला'को मूल्य १६०.०० तोकिएको छ तर 'मेरो नेपाली' नेपाल सरकारले वितरण गर्ने भएकोले मूल्य रु. ३२।३० पैसा मात्र तोकिएको छ ।

व्याकरणलाई दुवै पाठयपुस्तकमा भाषा पाठयपुस्तक विधिद्वारा सिकाउन खोजिएको छ ।

मूल्यका दृष्टिले "मेरो नेपाली माला" का रु १६०.०० तोकेर गरिब र सर्वसाधारणको पहुँच भन्दा टाढा पुऱ्याएको छ भने सामुदायिक विद्यालयको मूल्य भने सर्व साधारणको हितलाई ध्यान दिइ कम मूल्य निर्धारण गरको

पाइन्छ । पाठ्यक्रमले अपेक्षा गरेपनि दुवै पाठ्यसामाग्रीमा गाँउखाने कथा चुट्किला, हस्यौली केहीको पनि प्रयोग भएको पाइँदैन ।

## ५.२ सुझावहरु

दुवै पाठ्यपुस्तकको अध्यायन र विश्लेषणबाट निम्न सुझावहरु निकालिएको छः

विषयवस्तु संयोजनका दृष्टिले पाठयपुस्तकलाई सान्दर्भिक बनाउन घरपरिवार, छिमेकी, समुदाय, खेलकुद, सरसफाइ जस्ता विषयक्षेत्रको प्रतिनिधित्व गराउन राम्रो हुन्छ । पाठ्यपुस्तकमा कक्षाको स्तर र क्षमताअनुकूलका वाक्यहरु राख्नुपर्छ चित्रको प्रयोग दुवै पाठ्यसामग्रीमा अझ बृद्धि गर्दा राम्रो हुन्छ । सुनाइ र बोलाइ सीपलाई पाठ्यपुस्तकमा थपिनुपर्छ ।'मेरो नेपाली'मा जीवनी विधालाई पनि समावेश गरिनुपर्छ । अभ्यासहरु भाषिक सीपपरक बनाउन अझ बढी ध्यान दिनुपर्छ । दुवै सामग्रीका पाठका आधारमा शीर्षकलाई निर्देशन दिइनु उचित हुनेछ । 'मेरो नेपाली'को आवरण पृष्ठ र कागजको स्तर बलियो बनाउनुपर्छ । विशेषतः 'मेरो नेपाली'मा अङ्कित चित्रहरुलाई रङ्गीन र आकर्षक बनाइनु पर्दछ । 'मेरो नेपाली'मा प्रयोग गरिएको कागज स्तरीय र टिकाउ खालको बनाउनुपर्दछ । पाठ्यपुस्तकको मूल्य सामुदायिक र संस्थागत विद्यालयमा समान स्तरको राखिनुपर्दछ । पाठयपुस्तक निर्माण गर्दा विभेदकारी दृष्टिकोणबाट प्रभावित र प्रेरित हुनुहुँदैन ।

## ५३ उपयोगिता

### ५.३.१ नीतिगत तह

कक्षा ४ को 'मेरो नेपाली' र 'मेरो नेपाली माला' मा गरिएको यस शोध कार्यले पाठ्यपुस्तक निर्माण गर्दा आन्तरिक र वाह्य आधारलाई कसरी

प्रभावकारी व्यवस्थित बनाउन सकिन्छ ? विषयवस्तुको छनोट र संयोजन, भाषिक सीप, कागजको स्तर, मूल्य निर्धारण आदि कुराहरुलाई विद्यार्थीको उमेर, स्तर, सान्दर्भिक बनाउन उपयोगी हुने विश्वास लिएकी छु ।

### ५.३.२ प्रयोगगत तह

पाठ्यपुस्तक निर्माण गरिसकेपछि त्यसलाई व्यावहारिक रुपमा प्रयोग गर्ने कार्य शिक्षक र विद्यार्थीहरुको भएकोले पाठ्यपुस्तक कस्तो हुनुपर्दछ ? पाठ्यपुस्तकभित्र समावेश गरिएका कुराहरुलाई कक्षाकोठामा कसरी लागु गर्न सकिन्छ ? पाठ्यपुस्तक विद्यार्थीको स्तर अनुकूल भए नभएको विषयवस्तुको संयोजन प्रभावकारी भए नभएको आदि कुरालाई विचार गर्न कक्षा ४ को मेरो नेपाली' र 'मेरो नेपाली माला' को शोध कार्य उपयोगी हुने अपेक्षा गर्दछु ।

### ५.४ भावी अनुसन्धानका सम्भावित शीर्षकहरु

१. निम्नमाध्यमिक तहको वर्तमान पाठ्यक्रमको समीक्षात्मक अध्ययन,

२. प्राथमिक तहको नेपाली पाठ्यक्रमको तहगत समीक्षा,

३. प्राथमिक तहका पाठ्यक्रम र पाठ्यपुस्तकको तहगत तुलनात्मक अध्ययन ।